जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक ४२ २०८२ फागुन १० गते आइतबार (Feb. 22, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## देश जलाउने र विदेशी रिझाउनेहरु धमाधम किनारा लाग्दै

# सबैको ध्यान देशभक्त शक्तिमा केन्द्रित

काठमाडौं । आगामी २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । आगामी साता १८ गतेबाट मौन अवधी शुरु हुनेभएका कारण दलहरु अन्तिम कसरतमा लागेका छन् । चुनाव प्रचारकोक्रम बढ्दै जाँदा गत भदौ २३ र २४ मा बिध्वंश मच्चाउने, बैकल्पिक पार्टीका नाममा पुराना र ठूला पार्टीलाई खेद्ने, निर्वाचनको मुखैमा बिभिन्न पार्टीमा बिभाजन गराउनेहरुको आठ तालु सुक्नथालेको देखिएको छ । सबैको ध्यान देशभक्त पार्टीहरुमा केन्द्रित हुनथालेको देखिएको छ । निर्वाचन घोषणापत्रलाई केलाउँदा सबैभन्दा बढी राष्ट्र र राष्ट्रियताकाबारेमा आवाज उठाउने पार्टी एमाले र यस पटकको निर्वाचनका सन्दर्भमा सर्बाधिक चर्चित ब्यक्ति एमालेका अध्यक्ष केपी ओली देखिनु भएको छ । केही ब्यक्ति र समूहले निर्वाचन बिरोधी गतिबिधि



गरेपनि उनीहरुसमेत किनारा लागेका छन् । कतिपय भारतीय सञ्चार माध्यमहरुले आगामी निर्वाचनको मत परिणाम मिश्रित हुने प्रचार गरेका छन्भने धेरैको आंकलन बाम पार्टीहरु आकर्षणमा रहेको भन्ने रहेको छ । निर्वाचन आयोगले निर्वाचन प्रचारकाक्रममा कुनै पनि धर्मको नाममा प्रचारप्रसार नगर्न नगराउन र कुनै साम्प्रदायिक विद्वेष फैलाउनेगरी प्रचारप्रसार नगर्न वा मत नमाग्न निर्देशन जारीगरेको छ । आयोगले गतसाता जारीगरेको ६४ बुँदे निर्देशनमा निर्वाचन अधिकृतको अनुमतिलिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा बढीमा दुईवटा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे बिद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोगबाहेक अन्य सवारीसाधन र घोडा प्रयोग नगर्न निर्देशन दिएको छ । कुनै दल वा उम्मेदवारले अनुमति लिएको सवारीसाधन प्रयोगगरी मतदाता ओसारपसार नगर्न पनि निर्देशन जारी गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभएको छ । राजनीतिक दल वा उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चारपटक र एक पटकमा बढीमा एक मिनेटबाहेक प्रसारण गराउन नहुने आयोगको निर्देशन छ । राजनीतिक दल वा उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा **बाँकी ८ पेजमा**

## संयुक्त संघर्ष समिति पनि घरदैलो अभियानमा

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका चारवटा कम्युनिष्ट पार्टी सम्मिलित संयुक्त संघर्ष समितिले देशको बर्तमान अवस्थाबारे सर्बसाधारणलाई जानकारी गराउन घरदैलो अभियान थालेको थाहा भएको छ । यसैक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलद्वारा जारी एक वक्तव्यमा उल्लेख भएअनुसार पहिलो चरणमा आगामी १२ गतेसम्म आगामी संसदीय निर्वाचनबारे गाउँ, टोल र वडासम्म पर्चा वितरण, घरदैलो र कोणसभा हरुगर्ने भनिएको छ । त्यसैगरी दोश्रो चरणमा यही फागुन १३ गतेदेखि १८ गतेकाबीचमा स्थानीय अनुकूलता हेरी इटहरि, जनकपुर, चितवन, काठमाडौं, बुटवल, दाङ, बर्दिया, धनगढी लगायतका शहरहरुमा सभाहरु आयोजनागर्ने कार्यक्रम तयगरिएको उल्लेख गरिएको छ । वक्तव्यमा सुशीला कार्की नेतृत्वको सरकारद्वारा गरिएको धर्मेन्द्र बास्तोला र ऋषि कट्टेल लगायतको गिरफ्तारीको विरोधगर्दै उहाँहरुको अविलम्ब रिहाइको माग गरिएको छ । **बाँकी ८ पेजमा**

## हातहतियारको चलखेल तीब्र

काठमाडौं । बिभिन्न जिल्लामा हात हतियारको चलखेल तीब्र देखिएको छ । बिभिन्न जिल्लामा बन्दूक बरामद हुनेक्रम पनि जारी रहेको छ । यसैक्रममा जिल्ला प्रहरी कार्यालय बागलुङले करिब दुई महिनाको अवधीमा १२३ थान अवैध भरुवा बन्दक बरामद गरेको छ । प्रहरीले जिल्लाको विभिन्न स्थानमाबाट भरुवा बन्दु बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त पाण्डेका अनुसार जिल्लाका विभिन्न जंगल, रुखको टोड्का, खोल्सा, मानिस नबस्ने घर गोठलगायतका ठाउँमा लुकाइ छिपाई राखिएको अवस्थामा बन्दुकहरु फेला परेका हुन् । त्यसैगरी तनहुँको देवघाट-४ बाट दुईथान भरुवा बन्दुकसहित दुईजना पक्राउ परेका छन् । पक्राउ **बाँकी ८ पेजमा**

## २२ गते संसद पुनर्स्थापनाको तारिख

काठमाडौं । सर्वोच्च अदालतले आगामी २२ गतेका लागि संसद पुनस्थापना सम्बन्धी रिटको तारेख दिएपछि २१ गते हुने भनिएको निर्वाचनका लागि बाटो खुलेको ठानिएको छ । सर्वोच्च अदालतको संवैधानिक इजलासमा करिव पाँच महिनाअघि संसद विघटनविरुद्ध १७ वटा रिट निवेदन परेका थिए । उक्त रिट निवेदनको सुनुवाइका लागि हालसम्म मिति तयसमेत भएको छैन । संसद विघटनविरुद्ध परेका रिट निवेदनहरुमा गत कात्तिक १२ गते नै संवैधानिक इजलाससमा सुनुवाइगरी बाटोको म्यादबाहेक सात दिनभित्र विपक्षीलाई लिखित जवाफ पेशगर्न आदेश दिइएको थियो । विपक्षीहरुबाट लिखित जवाफ अदालतमा पेश पनि भइसकेको छ । त्यसैगरी सर्वोच्च अदालतको गत **बाँकी ८ पेजमा**

## आगामी निर्वाचनको सुरक्षाबारे सर्बत्र चिन्ता

काठमाडौं । आगामी निर्वाचनको सुरक्षाबारे सर्बत्र चिन्ता ब्यक्त हुनेक्रम जारी छ । यसैक्रममा गृहमन्त्री ओम प्रकाश अर्यालको अध्यक्षतामा गत शुक्रबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा छलफल समेत चिन्ता र चासो ब्यक्त भएको थियो । गृह मन्त्रालयमा बसेको सो बैठकमा तीनवटै सुरक्षा निकायका प्रमुख तथा नेपाली सेनाको उच्च अधिकारी सहितको उपस्थिति रहेको थियो । गृहमन्त्रीको सचिवालयका अनुसार बैठकमा केन्द्रीय निर्वाचन सुरक्षा रणनीतिको कार्यान्वयन र फागुन २१ गते हुने निर्वाचनको समग्र तयारी सम्बन्धमा छलफल भएको थियो । जुममार्फत सञ्चालन गरिएको बैठकमा गृहमन्त्री अर्यालले केन्द्रीय सुरक्षा समितिका पदाधिकारी, सातवटै प्रदेशका प्रमुख सचिव (प्रदेश कमाण्ड पोष्ट प्रमुख) तथा ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुबाट प्रदेश र जिल्लागत सुरक्षा रणनीतिको कार्यान्वयन र निर्वाचन तयारीबारे जानकारी लिनु **बाँकी ८ पेजमा**

## देशभक्त समाज देशब्यापि आन्दोलनमा

काठमाडौं । द्रोण अधिकारी अध्यक्ष रहेको देशभक्त समाज पार्टीले बिभिन्न माग राखि गत शुक्रबारबाट देशभर आन्दोलन थालेको छ । गत शुक्रबार काठमाडौं र झापालगायतका ३० वटा जिल्लामा कार्यक्रम गरिएको सो पार्टीले जनाएको छ । त्यसैगरी हिजो शनिबार पनि काठमाडौंको बालाजु लगायतका क्षेत्रमा प्रदर्शन भएको बताइएको छ । त्यसैगरी राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई अदालतमा उपस्थित सर्वोच्च अदालतले आदेश दिएको छ । बन्दीप्रत्यक्षीकरण रिटमाथि गत शुक्रबार सुनुवाइगर्दै न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले प्रसाईंलाई उपस्थित गराउन आदेश दिएको हो । श्रीमती उमा प्रसाईंले दायर गर्नुभएको रिटमाथि गत शुक्रबार सुनुवाइगर्दै अदालतले उहाँलाई पक्राउ गर्नुको कारण पेशगर्न आदेश दिएको छ । संभवत प्रशाइँलाई आज आइतबार अदालतमा पेश गरिने छ । उहाँले पनि गत आठगतेबाट आन्दोलनको घोषणागर्नु भएको थियो । प्रशाइँ पक्राउ परे पनि उहाँका समर्थकहरुले काठमाडौं उपत्यका लगायत देशका **बाँकी ८ पेजमा**

## निर्वाचनको मुखैमा पार्टी परिवर्तन बढ्दो

काठमाडौं । फागुन २१ गते हुने भनिएको प्रतिनिधि सभाको निर्वाचनको मुखैमा बिभिन्न दलमा पार्टी परिवर्तनगर्ने होड बढेको देखिएको छ । यसैक्रममा रास्वपाकी मधेस प्रदेशकी संस्थापक अध्यक्ष ममता शर्माले सो पार्टीको साधारण सदस्यसमेत नरहनेगरी राजीनामा दिनुभएको छ । उहाँ जनकपुरको तिरहुतियामा गतसाता कांग्रेसले आयोजना गरेको मधेस प्रतिज्ञासभामा नयाँ सभापति गगन थापाको हातबाट माला लगाएर सो समूहमा प्रवेश गर्नुभएको थियो । शर्मा रास्वपाकी केन्द्रीय महिला तथा सामाजिक विकास विभागकी सदस्य समेत रहनुभएको थियो । रास्वपाकै बागमती प्रदेशका उपसभापति दिनेश हुमागाईंले पनि बिभिन्न सातवटा बुँदामा असन्तुष्टि जनाउँदै पार्टीको साधारण सदस्यसमेत नरहनेगरी राजीनामा दिनुभएको छ । उहाँले राजीनामा पत्रमा प्रतिनिधिसभा सदस्य उम्मेदवार छनोटमा चरम चलखेल भएको र पार्टीमा समर्पित कार्यकर्ताहरुलाई पाखालगाउँदै चाकडीगर्ने, खुसीपार्ने र वरिपरि **बाँकी ८ पेजमा**

## रास्वपामा देशैभर भाँडभैलो, बालेन अलपत्र

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीमा देशैभर भाँडभैलो शुरुभएको छभने सो पार्टीका नव प्रबेशी नेता कामपाका पूर्ब मेयर बालेन साह अलपत्र परेको बताउन थालिएको छ । उहाँ पार्टीमा देखिएको खिचलोका कारण वाक्कदिक्क भएर गतसाता आरामका लागि काठमाडौं आउनु भएकोमा हिजो शनिबार फेरी झापा पुग्नुभएको थियो । सोही खिचलोका कारण सो पार्टीले हिजो शनिबार रुपन्देहीको भैरहवामा र आज पोखरामा आयोजनागर्न लागेको चुनावी सभा समेत अकस्मात स्थगित भएको छ । पार्टीका उपसभापति डोलप्रसाद अर्यालले मातहतका संगठनलाई पत्राचारगर्दै सभा स्थगितगर्ने निर्णय गरिएको जानकारी दिनुभएको थियो । संगठनात्मक प्राथमिकता निर्धारण तथा रणनीतिक व्यवस्थापनलगायतका विशेष कारणले हाललाई चुनावी सभा स्थगित गर्नुपरेको उहाँको भनाई छ । प्रदेशस्तरीय उक्त सभाका लागि पत्रकार सम्मेलन, प्रचारप्रसार र स्टेज निर्माणको कामसमेत भइरहेको थियो । पार्टीका सभापति रवि लामिछाने र नेता बालेन्द्र साहले सम्बोधनगर्ने भनिएका उक्त सभाहरुनै हुननसकेपछि **बाँकी ८ पेजमा**

## दलाइ लामा समर्थकको चलखेल

काठमाडौं । बर्तमान सरकारले नेपाललाई दलाइ लामाको केन्द्र बनाउने तयारी गरेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । गतसाता तिब्बती मूलका बौद्ध धर्मगुरु जोनाङ ग्याल्त्साब रिन्पोछे नेपाल आएर तिब्बति मूलका बिभिन्न ब्यक्ति र समूहलाई गोप्य प्रशिक्षण दिएको चर्चा सेलाउन नपाउँदै फेरी अर्का तिब्बती बौद्ध धर्मगुरु क्याब्जे लिङ रिन्पोछे (सातौं) (असली नाम तेन्जिन लुङ्तोक थिन्ले छोपेक) लाई नेपाल भ्रमणका लागि आमन्त्रण गरिएको थाहाभएको छ । दलाई लामाका उत्तराधिकारीकारुपमा चिनिएका क्याब्जे आगामी १५ गते हुने एक बौद्ध धार्मिक प्रवचन कार्यक्रममा सहभागी हुने बहानामा नेपाल आउने र निर्वाचनलाई प्रभावित गर्नेगरी प्रबचन दिने कार्यक्रम रहेको बताइन्छ । यसअघि तिब्बती धर्मगुरु जोनाङ ग्याल्त्साब रिन्पोछे नेपाल आउँदा अन्तर्राष्ट्रियरुपमै चर्चा परिचर्चा भएको थियो । धर्मगुरु क्याब्जे लिङ रिन्पोछे (सातौं) ले आगामी १६ गतेदेखि २० गतेसम्म काठमाडौंको कपनस्थित एक गुम्बामा रहेर निर्वाचनकाबारेमा बिभिन्न नीति निर्देशनगर्ने बताइन्छ । समाचारसूत्रहरुले सूत्रहरुले त्यस्तै कार्यक्रम अर्को गुम्बामा पनि तय भएको बताएका छन् । धर्मगुरु क्याब्जे लिङ रिन्पोछे (सातौं) यसअघि पनि पटक,पटक नेपाल आएको तथ्यांक रहेको छ । गत भदौ २३ र २४ को जेनजी आन्दोलनपछि प्रधानमन्त्री हुनुभएकी सुशीला कार्कीलाई दलाई लामाले बधाई दिएपछि नेपालमा तिब्बति शरणार्थीहरुको चलखेलको रहस्य खुलेको थियो । गत माघ १० गते तिब्बती मूलका बौद्ध धर्मगुरु जोनाङ ग्याल्त्साब रिन्पोछे नेपाल आउँदा छिमेकी चीनले त्यसमा चासो लिए पनि नेपालको सरकारले कुनैपनि प्रतिक्रिया दिएको थिएन । आगामी २१ गतेको निर्वाचनमा नेपाली नागरिकता प्राप्त गरिसकेका तिब्बतिहरुलाई बिजयी गराउने र नेपालको संसदमै चीनका बिरुद्ध आवाज उठाउने प्रबन्ध भैरहेको पनि राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । नेपालमा निर्वाचनको प्रचार अन्तिम चरणमा पुगेकै बेला विदेशीलाई आमन्त्रण गरेर प्रबचन गराउने र तालिक दिलाउने कार्य निर्वाचन आचार संहिता बिपरित हो ।

## भौगोलिक अखण्डतामाथिको अतिक्रमण अस्वीकार्य

काठमाडौं । एमालेले आगामी २१ गतेको निर्वाचन लगत्तै आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरिएका बचतबद्धताहरुको कार्यान्वयन थाल्ने भएको छ । पार्टीका अध्यक्ष केपी ओलीले प्रतिनिधिसभा निर्वाचन-०८२ को घोषणापत्र सार्वजनिकगर्दै श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार पुर्याउने बताउनु भएको थियो । एमालेले सबै राष्ट्रसँग सम्मानजनक सम्बन्ध राख्दै कुनैपनि राष्ट्रको स्वाधिनता, स्वनिर्णय र भौगोलिक अखण्डतामाथिको अतिक्रमण तथा हस्तक्षेप अस्वीकारगर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । एमालेले तत्काल गर्नुपर्ने ११ काम, पाँच विकासका लागि आधारभूत घोषणा र २५ समृद्धिको स्तम्भ समेटिएको घोषणापत्र सार्वजनिक गरेको छ । एमालेले आफ्नो नेतृत्वमा सरकार बनेपछि पहिलो

**समाचार विश्लेषण**

मन्त्रिपरिषद् बैठकबाट घोषणापत्रमा समेटिएका तत्काल गर्नुपर्ने ११ कामगर्ने उल्लेख गरेको छ । घोषणापत्रमा १८ बर्षदेखि २८ बर्ष उमेर समूहका युवालाई एक बर्षसम्म नि:शुल्क हरेक महिना १० जीवी इन्टरनेट डाटा, युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ । सूचना प्रविधि र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपभोगगर्न सहज बनाइ १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउने वाचा गरेको छ । एमालेले वैदेशिक रोजगारमा रहेका श्रमिकले विप्रेषण पठाउनेलाई बैंक खातामा पाँच हजार थपगर्ने तत्काल गर्नुपर्ने काममा उल्लेख गरेको छ । प्राविधिक धारमा उच्च शिक्षा अध्ययनगर्न चाहने बिद्यार्थीलाई २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा उपलब्ध गराउने एमालेको घोषणा पत्रमा भनिएको छ । त्यस्तै २० हजार सुत्केरी भत्ता र पाँच लाखसम्मको नि:शुल्क जीवन बिमा उपलब्ध गराउने घोषणा पत्रमा उल्लेख गरिएको छ । एमालेले **बाँकी ८ पेजमा**

## देशभक्त र बामपन्थीहरुलाई एकजुट हुन आह्वान

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीका संयोजक लोकनारायण सुवेदीले एक बक्तब्य प्रकाशितगरी धरपक्कड बन्दगर्न र पक्राउ परेका बिभिन्न कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ता हरुलाई तत्काल रिहागर्न बर्तमान सरकारलाई चुनौती [redacted] उहाँले बक्तब्यमा बर्त[redacted] नेपाली जनताले दशकौंसम्म लडेर ठूलो त्याग, तपस्या र बलिदानपछि प्राप्त र संबिधान प्रदत्त असहमति जनाउन पाउने, बिचार अभिब्यक्तगर्न पाउने र शान्तिपूर्ण बिरोध जुलुश तथा सभागर्न पाउने मौलिक र आधारभूत हक अधिकारलाई कुल्चदै देशमा जुन दमन र धरपकड चलाउन थालेको छ, त्यसको नेपाल कम्युनिष्ट पार्टी घोर निन्दा र भर्त्सना गर्दछ र गैर संबैधानिक र गैर कानूनी धरपकड तुरुन्त रोक्न र धरपकड बन्दगर्न तथा पक्राउ परेका नेकपा (बहुमत) का नेता धर्मेन्द्र बास्तोला, अर्का नेता ऋषि कट्टेलगायतका सबै नेता कार्यकर्ता हरुलाई तत्काल रिहागर्न जोडदार माग गर्दछ भन्नुभएको छ । उहाँले बक्तब्यमा देशमा विकसित घोर अन्यौल, सन्देहास्पद र अनिश्चितताको अबिश्वसनीय र अनुपयुक्त वाताबरणमा राष्ट्रिय सर्बसहमति नखोजी र स्वाधीन अन्तरिम सरकार गठन नगरी र यसरी अनुकूल तथा सुरक्षित बातावरण सिर्जना नगरी घोषणा गरिएको निर्वाचनप्रति मत मतान्तर हुनु र बिरोध जनाइनु स्वभाबिक भएको र त्यसकै निहुँमा दमन र धरपकपगर्ने कृत्य असंवैधानिक, गैरकानूनी र निन्दनीय छ[redacted]ल कम्युनिष्ट पार्टी औंल्याउँ[redacted] छ । उहाँले बक्तब्यमा स[redacted] र बामपन्थी पार्टीलाई एक[redacted] पनि गर्नुभएको छ । उहाँले[redacted]मा सामाज्यवादपरस्त सामन्ती, दलाल पूँजीवादी संसदीय व्यवस्था अन्तर्गतका गैरजिम्मेवार र भ्रष्ट संसदवादी दल र तिनका नेतारुको बर्चस्व भएको संसदले आम नेपाली जनताको ब्यापक बिरोध हुँदाहुँदै नेपालको राष्ट्रिय हितबिपरीत भयानक राष्ट्रघाती एमसीसी सम्झौता विगतमा पारित गरेको र त्यसले नेपाललाई अमेरिकी साम्राज्यवादी सुरक्षा रणनीती आईपीएसमा समावेशगर्ने र अन्तत: नेपाललाई **बाँकी ८ पेजमा**

## सबैको....

प्रत्येक दिन बढीमा  चार कोलम ( २५ सेन्टिमिटर उचाई) सम्मको आकारमा कुनै एउटा पत्रिकामा भन्दा बढी प्रचार सामग्री छपाउन नहुने निर्देशनमा उल्लेख छ। प्रचारप्रसार निषेध अवधि शुरु हुनुभन्दा अगाडि मतदानस्थलको ३०० मिटर वरिपरी राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनु पर्ने, प्रचारप्रसार निषेध अवधिमा कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, प्रचारप्रसार निषेध अवधिमा सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर वा प्रतिक्रियागर्न वा गराउन नहुने निर्देशन दिइएको छ। मतदानको दिन मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत संकेत भएको पहिरन वा ब्याज लगाउन वा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको सांकेतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने निर्देशन दिइएको छ। सभा, जुलुस, र्‍याली वा घरदैलो जस्ता निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरु अनिवार्यरुपमा संकलनगरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने भनिएको छ। निर्वाचन प्रचारप्रसार, सभा जुलुस वा र्‍याली वा घरदैलो कार्यक्रमगर्दा प्लाष्टिक वा पोलिथिन जस्ता अजैविक सामाग्रीको प्रयोगगर्न नहुने, हरित निर्वाचनलाई सहयोग पुग्नेगरी वातावरणमैत्री कार्यक्रमहरु सञ्चालनगर्न प्रोत्साहन गर्नुपर्ने, निर्वाचन आचारसंहिता कार्यान्वयनका लागि गठित विभिन्न समितिमा अनिवार्य प्रतिनिधित्वगर्ने साथै निर्वाचन व्यवस्थापनको सिलसिलामा हुने सर्वदलीय वा सर्वपक्षीय बैठकमा आमन्त्रण गरिएका बखत सहभागी हुन पनि आयोगले निर्देशन दिएको छ। निर्वाचनसम्बन्धी प्रचलित कानूनी व्यवस्था एवं निर्वाचन आचारसंहिता-०८२ को उलंघन गरेको पाइएमा लिखित वा मौखिक वा सामाजिक सञ्जाल वा बिद्युतीय माध्यम वा अन्य कुनै तरिकाले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय वा मुख्य निर्वाचन अधिकृतको कार्यालय वा निर्वाचन कार्यालय वा स्थानीय प्रशासन वा निर्वाचन आयोगमा उजुरी वा सूचना दिई निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरणगर्न पनि आयोगले ध्यानाकर्षण गराएको छ। राजनीतिक दलहरुले आफ्नो प्रचारप्रसारगर्दा निर्वाचन आचारसंहिता-०८२ एवं प्रचलित निर्वाचन कानूनमा नागरिक तथा मतदाताले पालना गर्नुपर्नेभनी उल्लेख भएका विषयबारे जानकारी गराई जनस्तरबाटै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित निर्वाचनको वातावरण तयारगर्न सहयोग गर्न  र फागुन २१ गते हुने निर्वाचनका लागि ६४ वटा बुँदामा लेखिएका विषय सम्पादनगर्न गराउन सबै राजनीतिक दल र दलका उम्मेदवारलाई समेत आयोगले अनुरोध गरेको छ। निर्वाचन नजिकिँदैजाँदा प्रधानमन्त्रि सुशीला कार्की आफैले बिभिन्न सम्बेदनशील मानिएका जिल्लामा पुगेर शान्ति सुरक्षाको अवस्थाकाबारेमा छलफलगर्ने र निर्देशन दिनेक्रम शुरुगर्नुभएको छ। त्यसैगरी सुरक्षाकर्मी र निर्वाचनका कर्मचारहिरु पनि आआफ्नो तेकिएको केन्द्रमा पुग्नेक्रम जारी छ। जसलेगर्दा यस पटकको निर्वाचन शान्तिपूर्णरुपमा र तोकिएकै मिति र समयमा सम्पन्न हुने अपेक्षागर्न थालिएको छ।

## संयुक्त....

मोर्चाका क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल र नेपाल कम्युनिष्ट पार्टी रहेका छन्। यसैबीच प्रहरीले निर्वाचन बिरुद्ध प्रचार गर्नेहरुलाई गिरफ्तार गरेको छ। निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीले बिभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरुलाई पक्राउ गरेको छ। पक्राउपर्नेमा नेपाल कम्युनिष्ट पार्टी (बहुमत)का महासचिव धर्मेन्द्र बाँस्तोला, नेता विष्णुप्रसाद तिमिल्सिना र दुर्गा प्रसाईं समूहका एसपी साहलगायत रहनु भएको छ।

## २२ गते....

पुस नौगते बसेको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन, सरकार निर्माण प्रक्रिया र संसद् पुनःस्थापनाको मागसम्बन्धीका पूरक रिट निवेदनलाई पनि एकैसाथ सुनुवाइगर्ने आदेश दिएको थियो। तर अब २१ गते निर्वाचन भएको खण्डमा उक्त रिट निवेदनहरु आफै निष्प्रभावि हुने ठानिएको छ। कथंकदाचित आगामी २१ गते निर्वाचन हुन नसकेमा भने २२ गतेपछि बिघटित संसद पुनर्स्थापना हुनसक्ने संभावना पनि देखा परेको छ।

## हातहतियारको...

पर्नेमा देवघाट-४ सार्वाङका पूर्णबहादुर गुरुङ र अर्जुन गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयले जनएको छ। इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरीको टोलीले उनीहरुलाई रिस्ती खोलाबाट पक्राउगरी सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक श्रवणकुमार विकले जानकारी दिनुभएको छ। निजहरुका साथबाट बारुदजस्तो देखिने कालोपदार्थ र फलामका टुक्रासमेत बरामद गरिएको छ। त्यसैगरी भोजपुरको षडानन्द नगरपालिका-३ खार्ताम्छाबाट भरुवा बन्दुक एकथानसहित सोही ठाउँ बस्ने विशाल तामाङलाई प्रहरीले पक्राउगरेको छ। प्रहरी चौकी कुदाकाउलेबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुकसहित फेलापारी पक्राउगरेको हो। त्यसैगरी कास्कीको माछापुच्छ्रे-२ मेप्प्राङबाट एकथान भरुवा बन्दुक प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी सर्दीखोलाबाट खटिएको प्रहरीले सोही ठाउँस्थित बाटोको छेउमा वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेलापारी बरामद गरेको हो। त्यसैगरी झापाको इलाका प्रहरी कार्यालय अनारमनीबाट लुटिएको एकथान पेस्तोल र ४० राउन्ड गोलीसहित प्रहरीले एकजनालाई पक्राउ गरेको छ। पक्राउपर्नेमा कनकाई नगरपालिका-८ का सुजय राजवंशी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभएको छ। स्थानीय तुलबहादुर थापामगरको घरमा अवैध हातहतियार र लागूऔषध लुकाईछिपाई राखेकोभन्ने विशेष सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो। त्यसक्रममा प्रहरीले निजका छोरा सौगात थापामगरले घरपछाडि रहेको कुखुराको खोरमा प्लाष्टिकको ड्रमभित्र लुकाईछिपाई राखेको ९८९ एमएमको पेस्तोल एकथान र गोली ४० राउण्ड बरामद गरेको हो। घटनामा संलग्न सौगातभने फरार रहेको प्रवक्ता खड्काले जानकारी दिनुभएको छ। गत भदौ २३ र २४ गते भएको बिध्वंशमा भागेका १० हजार कैदीबन्दी र लुटिएका कैयन सरकारी हातहतियार हालसम्म फेलापर्न सकेका छैनन्।

## आगामी....

भएको थियो। प्रदेश प्रमुख सचिव तथा प्रजिअ संयोजक रहने जिल्ला सुरक्षा समितिका पदाधिकारीबाट बैठकमा प्रस्तुतीकरणसमेत भएको थियो। त्यसैगरी नेपाल-भारत सीमा सुरक्षा बैठकहरु पनि बस्नथालेका छन्। गत साता विराटनगरमा नेपाल-भारत सीमा जिल्ला समन्वय समितिको बैठक बसेको थियो। सो बैठकले आसन्न प्रतिनिधिसभा निर्वाचनका समयमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको थाहाभएको छ। मोरङ, झापा र सुनसरी तथा भारतका किसन गञ्ज, अररिया र सुपौल जिल्लाका उच्च अधिकारीहरुबीच सम्पन्न सो बैठकले आगामी निर्वाचनका सुरक्षाका विषयमा छलफल गरेको जिल्ला प्रशासन कार्यालय मोरङद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। बैठकमा मतदान हुनुभन्दा ७२ घण्टा आगाडि सीमा नाका पूर्णरुपमा बन्दगर्ने सहमति भएको छ। मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र भारतको अररिया जिल्लाका डिष्ट्रिक मजिष्ट्रेट विनोद दुहानको सहअध्यक्षतामा सम्पन्न उक्त बैठकले निर्वाचनका समयमा सम्भावित सुरक्षा चुनौती हरुलाई सम्बोधनगर्न संयुक्त सीमा गस्तीलाई सशक्त बनाउनुकासाथै सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त पार्ने निर्णय गरेको थाहाभएको छ।

## देशभक्त....

बिभिन्न स्थानमा प्रदर्शन जारी राखेका छन्। प्रसाईंले आगामी २१ गते हुनलागेको निर्वाचन विथोल्ने अभियान शुरुगर्न लागेको आशंकागर्दै प्रहरीले पक्राउ गरेको बताइन्छ। उपरोक्त दुबै समूहको माग आगामी निर्वाचन अगाबै राष्ट्रिय समस्या र भाबि राजनीतिका बारेमा सर्बदलीय एबं सर्बपक्षीय सहमति हुनुपर्छभन्ने रहेको छ। गत सातगते राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा पूर्ब राजा ज्ञानेन्द्र शाहले जारी गर्नुभएको भिडियो सन्देशमा पनि उपरोक्त कुरा उल्लेख गरिएको थियो। पूर्ब राजा र राजावादी समूहका मागका बारेमा बर्तमान सरकारले कुनै प्रतिक्रिया दिएको छैन।

## देशभक्त..

चीनविरोधी युद्ध अखडामा परिणतगर्ने अमरिकी गुरुयोजनालाई सफल पार्ने आधार खडागरेको हो। त्यसैलाई पूरा गराउनको लागि एसपीपी सम्झौता समेतगर्न अमेरिकाले दबावदिँदै आएको यथार्थ जगजाहेर छ भन्नुभएको छ। बक्तब्यमा एमसीसी सम्झौताको जनतामा ब्यापक बिरोध भएको परिप्रेक्षमा  विगतमा सरकारले पछिल्लो एसपीपी सम्झौतागर्न आनाकानी गरेपछि पुराना दल, नेता र तिनका सरकार र संसदलाई जेनजी आन्दोलन द्वारा हुत्याएर  अमेरिकी सम्राज्यवादले आफ्नो कठपुतली अन्तरिम सरकार र त्यसद्वारा आफ्नो अनुकूलताको नयाँ संसद र सरकार निर्माण गराउने धृष्टता गरिरहेको कुरा पनि अब सबैमा छर्लङ्ग भइसकेको बताउनु भएको छ। उहाँले नेपालको वर्तमान असंबैधानिक सरकारद्वारा नेपालले दशकौंदेखि अँगाल्दै आएको एक चीन नीतिबिरुद्ध गएर तिब्बतका पृथकतावादीहरुलाई आडधापदिँदै चीनबिरोधी गतिबिधिमा संलग्न दलाई लामाका प्रतिनिधि पञ्चेन लामालाई खुल्लमखुल्ला ठूलो सम्मान दिइएकोजस्ता  कृयाकलापका कारणलेसमेत नेपालप्रति चीन रुष्ठ भएर प्रस्तुत हुन थालेको प्रतीत भइरहेको बताउनु भएको छ। बक्तब्यको अन्त्यमा संबेदनशील भूराजनीतिक अबस्थामा रहेको हाम्रोजस्तो देशले शक्ति राष्ट्रहरुको द्वन्द र टक्करको चपेटामापर्नु अद्बितीय संकट निम्त्याउनु बाहेक अरु केही हुँदैन। यसका बिरुद्ध नेपाल र नेपाली जनताको हक हित तथा सुरक्षा र सुनिश्चित भबिष्य चाहने नेपालका सम्पूर्ण राष्ट्रप्रेमी सचेत शक्ति र आम जनसमुदाय एकताबद्ध भएर आबाज उठाउन र खबर्दारीगर्न आह्वान पनि गरिएको छ।

## निर्वाचनको....

घुम्नेलाई रास्वपाले प्राथमिकता दिएको आरोप लगाउनुभएको छ। रास्वपाकै संस्थापक सदस्य खेमकुमारी भुर्तेल (उर्मिला)ले पनि पार्टीको साधारण सदस्यबाट राजीनामा दिनुभएको छ। ०७९ को प्रतिनिधिसभाको निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार रहनुभएकी उहाँले पार्टीमा विधि र विधान विपरीतका क्रियाकलापले बढावा पाएको कुराको साक्षी बस्ननसक्ने भन्दै राजीनामा गरेको जनाउनु भएको छ। त्यसैगरी रसुवाका एमालेका पूर्वअध्यक्ष तथा पूर्वसांसद जनार्दन ढकाल र काठमाडौंबाट सांसद जितेर राज्यमन्त्री भइसकेका रामवीर मानन्धरले कांग्रेसका नयाँ सभापति गगन थापाको हातबाट कांग्रेसको सदस्यता लिनुभएको छ। त्यसैगरी काठमाडौं-५ मा रास्वपाका टिकटका आक्यांक्षी प्रणय राणा र नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य दीपक केसीले पनि पार्टी छाड्नु भएको छ। राणा रास्वपाको केन्द्रीय गुनासो विभाग प्रमुख रहनु भएको थियो। उहाँहरु दुवैजना कांग्रेसमा प्रवेश गर्नुभएको छ। त्यसैगरी एमाले नेता तथा काठमाडौं नेशनल मेडिकल कलेज अस्पतालका अध्यक्ष बसरुद्धिन अन्सारीले पनि एमाले परित्याग गर्नुभएको छ। त्यसैगरी जनता समाजवादी पार्टीका वरिष्ठ उपाध्यक्ष केदारनन्दन चौधरी, नेताहरु मनिष मिश्र र केदारसिंह ठटौलाहितका नेताहरुले आफ्नो पार्टी परित्यागगरी नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ। पछिल्लो एक साताभित्रमा कतिपय पार्टीले आफ्ना उम्मेदवारलाईनै पार्टीबाट निष्काशन गरेका समाचारहरु पनि बाहिर आएका छन्।

## भौगोलिक....

राज्यद्वारा गरिब परिवारकारुपमा पहिचान भएका घर परिवारले बैंक तथा वित्तीय संस्थाबाट ०८२ भदौसम्म लिएको २५ हजारसम्मको ऋण मिनाह गराउने भएको छ। शिक्षकको मर्यादा तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने, सुरक्षाकर्मीको सम्मान र कल्याणका लागि पेशागत मर्यादा, सेवा सुविधा, सामाजिक सुरक्षा र स्वास्थ्य उपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चितागर्ने एमाले घोषणापत्रमा उल्लेख गरिएको छ। एमालेले कृषिको उत्पादत्व, बिद्युत उत्पादन क्षमता बढाउँदै, खनिज तथा औद्योगिक उत्पादन र भौतिक पूर्वाधारमा फड्को मार्दै ७ देखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धिदर बढाउने घोषणापत्रमा उल्लेख छ। अर्थतन्त्रको आकार पाँच ऽबर्षमा १०० खर्ब रुपैयाँ र १० बर्षमा २०० खर्ब पुर्‍याउने एमालेको लक्ष्य छ। प्रतिव्यक्ति आम्दानी पाँच बर्षमा करिब तीन हजार अमेरिकी डलर पुर्‍याउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ। एमालेले दुईबर्षमा सबैको घरमा खानेपानी पुर्‍याउने वाचा गरेको छ। एमालेले उच्च आर्थिक वृद्धिबाट वार्षिक चार लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एकलाखगरी वार्षिक पाँच लाख रोजगारी सिर्जना गर्ने भएको छ। उद्योग क्षेत्रको विस्तार गरेर कूल ग्राहस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दोब्बर बनाउने, पर्यटन पूर्वाधारको विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षागर्दै पाँचबर्षमा पर्यटकको आगमन दोब्बर बनाउने घोषणापत्रमा उल्लेख छ। पाँच बर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, सबै स्थानीय तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापनगरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमा नै उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ। सबै सडकलाई दुई लेनको बनाउने र एक लेनका सडकलाई दुई लेनको बनाउने एमालेको घोषणापत्रमा उल्लेख छ।

## देशभक्त....

अन्यत्रका कार्यक्रमसमेत स्थगित हुनथालेका छन्। गत शुक्रबार दाङमा एमालेको झण्डा जलाएपछि द्वन्द निम्तिनसक्ने देखिएकाले रास्वपाले तत्काललाई सभा स्थगित गरेको जानकारहरुको भनाई छ। रास्वपाले सुदूरपश्चिम प्रदेशबाट परिवर्तनको उद्घोष सभा शुरुगरेको भनिएको थियो। सुर्खेतमा चुनावी सभागरेर वाचापत्र सार्वजनिक गरिएको थियो। निर्वाचन आयोगले रास्वपाको दाङ जिल्ला समितिलाई एमालेको झण्डा जलाउँदै अध्यक्ष केपी ओलीविरुद्ध गरिएको असभ्य नाराबाजीको विषयमा स्पष्टीकरण समेत सोधेको छ। रास्वपाका कार्यकर्ताहरुले तुलसीपुरमा एमालेको झण्डा जलाउँदै अध्यक्ष ओलीविरुद्ध नाराबाजी गरेपछि आयोगले पार्टी सभापतिका नाममा पत्र पठाउँदै स्पष्टीकरण सोधेको हो। कानून अधिकृत मोहनराज जोशीद्वारा हस्ताक्षरित पत्रमा पत्र प्राप्तभएको २४ घण्टाभित्र निर्वाचन आयोगको इमेल ठेगानामा प्राप्त हुनेगरी स्पष्टीकरण पेशगर्न भनिएको छ। झन्डा जलाएको आरोपमा प्रहरीले केहीलाई पक्राउ समेत गरेको छ। गत सातगते तुलसीपुर-५, वीरेन्द्रचोकमा एमालेको चुनाव चिन्ह सूर्यअंकित झन्डा जलाइएको थियो। आगामी २१ गतेको निर्वाचन नजिकिँदै जाँदा रास्वपा नवलपरासीमा तीव्र असन्तुष्टि बढ्दैगएको छ। रास्वपाका नेता र समर्थकले पार्टी छाड्न थालेपछि असन्तुष्टिको समाचार बाहिर आउन थालेको हो। रास्वपाले नवलपरासी क्षेत्रनम्बर एकमा विक्रम खनाल र क्षेत्रनम्बर दुईमा नरेन्द्रकुमार गुप्तालाई उम्मेदवार बनाएसँगै असन्तुष्टि बढेको भनिएको थियो। यसैबीच राप्रपाले दाङको तुल्सीपुरमा राजा वीरेन्द्रको सालिकमाथि चढेर रास्वपाका कार्यकर्ताहरुले प्रदर्शन गरेको बिषयमा आपत्ति जनाएको छ। राप्रपाको लुम्बिनी प्रदेश सचिव राजेन्द्र अधिकारीले एक विज्ञप्ति जारीगर्दै रास्वपाले राजाको सालिकमाथि अपमानजनक र अभद्र व्यवहार गरेकोमा ध्यानाकर्षण भएको बताउनुभएको छ। उक्त गतिविधिका सम्बन्धमा तत्काल रास्वपाले आफ्नो धारणा स्पष्टपार्दै माफी माग्न आग्रह गरिएको छ। त्यसैगरी रास्वपाका सुनसरी र ललितपुरमा दुई उम्मेदवारले दिएका आक्रामक अभिव्यक्तिले पनि विवाद निम्तिएको छ। सुनसरी-३ का उम्मेदवार अशोक चौधरीले इटहरीमा आयोजित अन्तरक्रिया कार्यक्रममा आफ्नो पार्टीलाई भोट नहाल्नेहरुलाई देशविरोधीको संज्ञा दिएपछि कार्यक्रमस्थलमै तनाव सिर्जना भएको थियो। त्यसैगरी सुनसरीका उम्मेदवार बीच आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले देशको निकासका लागि रास्वपालाई दुईतिहाइ बहुमत दिनुपर्ने तर्क गर्नुभएको थियो। उक्त अभिव्यक्तिपछि कार्यक्रममा सहभागी युवा तथा अन्य दलका प्रतिनिधिले आपत्ति जनाउँदै होहल्ला गरेका थिए। स्थिति तनावपूर्ण बनेपछि प्रहरीले चौधरीलाई सुरक्षा घेरामा कार्यक्रमस्थलबाट बाहिर निकालेको थियो। ललितपुर क्षेत्रनम्बर दुईमा रास्वपा उम्मेदवार जगदीश खरेलको अभिव्यक्ति पनि विवादमा परेको छ। चुनावी घरदैलोकाक्रममा मतदातासँग चर्काचर्की भएपछि खरेलले प्रश्नगर्ने मतदातालाई ४५ बर्षदेखि देश लुटेर खाने दलको हनुमानभन्दै प्रतिवाद गर्नुभएको थियो। घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको छ। मतदाताले खरेलको बार्बरा फाउन्डेसनसँगको आबद्धतामाथि प्रश्न उठाएपछि विवाद चर्किएको थियो। रास्वपाका नेताहरुले सामाजिक सञ्जालको अत्यधिक दुरुपयोग गरेको बिषयमा पनि बिभिन्न क्षेत्रबाट बिरोध थालिएको छ।

निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# देशको आवश्यकता राष्ट्रिय एकता र सहमतीय राजनीतिक वातावरण

**आगामी २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि सबैतिरबाट सबै किसिमका तयारीहरु भैसकेका छन् । हालसम्मको अवस्थामा निर्वाचन शान्तिपूर्णरुपमा तोकिएकै मिति र समयमा हुने देखिएको छ । तर निर्वाचन प्रचारकाक्रममा केही दलका केही नेताहरुले उत्तेजना फैलाउने लगायतका निर्वाचन आचार संहिता बिपरितका गतिबिधिहरु गरेको तर उनीहरुमाथि तत्काल कारवाही हुननसकेको देखिएको छ । यसक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीले देशैभर निर्वाचन आचार संहिताको उल्लंघनगर्दै उत्तेजना फैलाउने गतिबिधि गरेकोभन्ने आवाज उठ्न थालेको छ । गत शुक्रबार एमालेको लडाकु दस्ता नेशनल भोलेन्टियर्स फोर्सले रास्वपाका नेता तथा कार्यकर्ताहरुले आफ्नो पार्टीको झण्डा जलाएकोभन्दै प्रतिवादमा उत्रिने घोषणा गरेपछि यसतर्फ सबैको ध्यानाकर्षण भएको छ । सो संगठनले रास्वपाका शीर्ष नेताहरुलेनै एमालेको शीर्ष नेतृत्वमाथि अनावश्यक लाञ्छना लगाएको र दाङमा गत सातगते आफ्नो पार्टीको झण्डासमेत जलाएको भन्दै कारवाहीको मागसमेत गरेको देखिएको छ ।**

**एमालेको उक्त संगठनले आफ्नो पार्टीको झण्डा जलाउने र आफ्नो पार्टीको शीर्ष नेतृत्वमाथि लान्छना लगाउनेहरुमाथि प्रशासनले कारवाही नगरे प्रतिवादमा उत्रिने चेतावनी दिएपछि राजनीतिक तरंगसमेत सिर्जना भएको छ । हालकोजस्तो सम्बेदनशील अवस्थामा निर्वाचनमा भाग लिएका पार्टीले एकले अर्कोको झण्डा जलाउने,उत्तेजना फैलाउने र द्वेष भड्काउने कार्य हुन्छभने त्यसलाई सामान्य मान्न सकिँदैन। यसतर्फ सरकारको तत्काल ध्यानाकर्षण हुनु जरुरी छ। खासमा त्यस्तो घटना अराजक मानसिकता भएकाहरुबाट मात्रै हुनसक्छ। त्यस्ता कार्यमा संलग्न व्यक्तिमाथि राज्य संयन्त्रलेनै तत्काल कारवाही गरेर फेरी पनि अन्यत्र त्यस्ता घटना हुन नसदिन सतर्कता अपनाउनु पर्दछ। हुन त कतिपय पार्टीका कतिपय नेताहरुले निर्वाचन भएर सांसद पदमा निर्वाचित हुनु अघिनै आफूले आफैलाई प्रधानमन्त्रि पदको दाबेदार भएको जुन प्रचार गरिरहेका छन्, त्यो पनि निर्वाचन आचार संहिता बिपरितको कुरा हो । निर्वाचनमा सबैलाई आआफ्नो पार्टीको बिचार र योजना सार्बजनिकगर्ने र मतदाताका माझमा त्यसमा प्रतिबद्धता जनाउने अधिकार हुन्छ। तर कुनैपनि पार्टीलाई अर्को पार्टीको झण्डा जलाउने र नेताहरुमाथि अनाबश्यक र अराजनीतिक लाञ्छना लगाउने अधिकार हुँदैन। जुन कुरा निर्वाचन आयोगले निर्वाचन आचार संहितामासमेत उल्लेख गरेको छ। सो आचार संहिता पालनागर्ने प्रतिबद्धताकासाथ निर्वाचनमा सहभागी भएका दलहरु आफैले पनि आफ्नो प्रतिबद्धताको पालनागर्ने र आफ्नो पार्टीभित्र पालना गराउने कुरामा बढी ध्यान दिनसक्नु पर्दछ। गत भदौ २३ र २४ गते भएको हिसात्मक गतिबिधिले सरकार परिवर्तनभई नयाँ निर्वाचनमा जानुपरेको हालको अवस्थामा निर्वाचन भाँड्ने खालका कुनैपनि गतिबिधिले प्रश्रय पाउनु हुँदैनभन्ने कुरामा सबै दलले ध्यान दिनुपर्ने अवस्था रहेको छ। हुन त कतिपय पार्टी र शक्तिहरु खुलेयाम आगामी निर्वाचन बिरुद्ध परिचालित भैरहेका छन् । यस्तो अवस्थामा उनीहरुको ध्यान र प्रयास जसरी पनि निर्वाचन भाँड्नेमा केन्द्रित हुनसक्छ। त्यसैले उनीहरुले निर्वाचनमा सहभागी दलहरुका बीचमा झगडा गराउने र लडाउने खालका गतिबिधिको रचना गर्न/गराउन पनि सक्छन् । त्यसैले निर्वाचनमा भाग लिने र निर्वाचनमार्फत सत्ता र शक्तिमा पुगेर देशको राजनीतिक ब्यवस्था र जनताको अवस्था फेर्ने संकल्प गरेका दलहरुले संयमता अपनाउनु जरुरी हुन्छ। आफ्नै पार्टी पंक्तिबाट कुनै गल्ती र कमी कमजोरी भएका रहेछन्भने त्यसलाई समयमै सुधारगर्ने र आगामी निर्वाचनमा भाग लिएका अन्य दलहरुसँग सहमतीय वातावरण तयार गर्ने/गराउने तिर पनि ध्यान दिनुपर्छ। एमाले र रास्वपा यसअघिको संसदमा सँगै काम गरेका दल भएका कारण उनीहरुकाबीचमा बिवाद बढाउनु आफैमा सुहाउने कुरा होइन। यसतर्फ सम्बद्ध सबै पक्षको यथा समयमा ध्यानाकर्षण आवश्यक छ ।**

# आगामी निर्वाचन र दलहरुको मूल्यांकनगर्ने आधारहरु

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा आजको ठीक १० दिनपछि अर्थात आगामी २१ गते प्रतिनिधिसभाको निर्वाचन हुँदैछ। जसका लागि सरकार, निर्वाचन आयोग र दलहरुले आआफ्नो तयारी अन्तिम चरणमा पुऱ्याएका छन्भने मतदाता र उम्मेदवारहरुका बीचमा बिचार बिनिमय भैरहेको छ। यस अवधीमा बिभिन्न दल र उम्मेदवारहरुले आफ्ना मतदाताको पहिचानगर्ने र मतदाताले पनि आफ्नो अमूल्य मत दिने दल र उम्मेदवारको पहिचानगर्ने काम हुन्छ। त्यसैले यस आलेखमा मतदाताले पार्टी र उम्मेदवार तथा पार्टी र उम्मेदवारले मतदातालाई चिन्ने आधारकाबारेमा सामान्य ब्याख्या र बिश्लेषणगर्ने प्रयास गरिएको छ। आगामी निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि अत्यन्त महत्वपूर्ण अवसर होभन्ने कुरालाई दुबै पक्षले मनन गरेको हुनुपर्दछ।

यस्तो संवेदनशील समयमा राजनीतिक दलहरुले जिम्मेवार, पारदर्शी र जनमुखी आचरण अपनाउनु आवश्यक हुन्छ। देशको संविधान र लोकतान्त्रिक मूल्य/मान्यताअनुसार दलहरुले संविधान र कानूनको पूर्णपालना, स्वच्छ र सकारात्मक प्रचार, पारदर्शी वित्त व्यवस्थापन, हिंसामुक्त वातावरण सुनिश्चितगर्ने, मतदाताप्रति उत्तरदायित्व र आगामी परिणामलाई सहजै स्वीकारगर्ने कुरामा ध्यानदिनु आवश्यक छ। कुनैपनि निर्वाचनमा निर्वाचन आचारसंहिता, निर्वाचन सम्बन्धी कानून र निर्वाचन आयोगका निर्देशनहरुको पूर्ण सम्मान र पालना गरिएको हुनुपर्दछ। नियमको उल्लंघनले लोकतान्त्रिक प्रक्रियामाथि अविश्वास बढाउँछ। राज्य प्रणाली र उसका संयन्त्रहरु, राष्ट्रसेवक कर्मचारीहरु र नागरिकहरु सबैले कानूनको पूर्ण पालनागरी कानूनको शासनगर्ने कार्य कानूनी राज्य हो। नेपालमा कानूनी राज्यको प्रयोगका लागि संवैधानिक, कानूनी र संस्थागत व्यवस्था गरिएको छ। ०७२ को संविधानको प्रस्तावनामा प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रात्मक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ। नेपालमा कानूनी राज्यको योनै सर्वोपरी प्रयोग हो। स्वेच्छाचारिता एवं निरंकुशताको अन्त्यगर्न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई पृथकगरी एकापसमा कार्य विभाजन गरिएको छ। शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रणको सिद्धान्त अवलम्बन गरिएको छ। त्यसैगरी संविधानलाई मूल कानून मानेर संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने व्यवस्थागरी संवैधानिक सर्वोच्चता पनि कायम गरिएको छ। न्यायसम्बन्धी अधिकार अदालत वा न्यायिक निकायबाटमात्र गरिने व्यवस्था छ, सर्वोच्च अदालतलाई संविधानको अन्तिम व्याख्याताकारुपमा लिइको छ। त्यसैगरी मानवअधिकारको रक्षा र प्रवर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अंगकारुपमा मान्यता प्रदान गरिएको छ। सूचनाको हकसम्बन्धी ऐनले पारदर्शी र उत्तरदायी राज्य प्रणालीका लागि सार्वजनिक सूचनामा नागरिकको पहुँच स्थापित गरेको छ। संविधानमा मौलिक हकको व्यवस्थागरी उक्त हकहरुको कार्यान्वयनको व्यवस्था गरिएको छ। त्यसैगरी भ्रष्टाचार एवं अनियमितता नियन्त्रण र सदाचार प्रवर्द्धनगर्न राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतको व्यवस्था गरिएको छ। कानूनको दृष्टिमा सबै नागरिक समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। कानूनबमोजिम बाहेक कर लगाउन, उठाउन नपाइने व्यवस्था पनि गरिएको छ। संविधानमा नागरिकका कर्तव्यको समेत स्पष्ट व्यवस्था छ।

त्यसैगरी निर्वाचनमा ध्यान दिनुपर्ने अर्को बिषय स्वच्छ र सकारात्मक प्रचार पनि हो। व्यक्तिगत आक्षेप, घृणात्मक अभिव्यक्ति, जातीय वा धार्मिक भावनामा आधारित भड्काउ प्रचारबाट हरेक पार्टी, उम्मेदवार र प्रचारकहरु टाढा रहेको हुनुपर्दछ। उम्मेदवारहरुका बीचमा प्रतिस्पर्धा नीतिगत बहस र कार्यक्रमको आधारमा हुनुपर्छ। नर्वाचनमा अपनाइएको स्वच्छ र सकारात्मक प्रचारले मात्र मतदातामा विश्वास बढाउँछ। लोकतन्त्र बलियो बनाउँछ र दीर्घकालीन राजनीतिक छवि सुधार्छभन्ने कुरालाई दल र उम्मेदवारहले सधै ध्यानदिएको हुनुपर्दछ। हरेक चुनावमा मुद्धा केन्द्रित प्रचार हुनुपर्छ। व्यक्तिवादी कुराहरुमा नभई नीति, कार्यक्रम र समाधानमा ध्यान दिइएको हुनुपर्दछ। स्थानीय समस्याहरु (रोजगार, शिक्षा, स्वास्थ्य, पूर्वाधार आदि) को ठोस योजना प्रस्तुतगर्नु पर्दछ। तथ्य र प्रमाणका आधारमा आफ्ना उपलब्धि देखाइएको हुनुपर्दछ। त्यसैगरी दल र उम्मेदवारहरु नकारात्मक प्रचारबाट सधै टाढा रहनु पर्दछ। झुठा आरोप, चरित्र हत्या र अफवाह फैलाउने काम गरिनु हुँदैन।

प्रतिस्पर्धीप्रति सम्मानजनक भाषा प्रयोग गरेको हुनुपर्दछ। कुनै बिषयमा असहमति भए सभ्य ढंगले छलफलका माध्यमबाट समाधान गर्ने/गराउने प्रयास गरिएको हुनुपर्दछ। त्यसैगरी हरेक निर्वाचनमा पारदर्शिता र जवाफदेहिताको पनि त्यतिकै महत्व रहन्छ। चुनावी खर्च स्पष्ट राखेको हुनुपर्दछ। चन्दा तथा सहयोगको श्रोत सार्वजनिक गरिएको हुनुपर्दछ। आफ्ना प्रतिबद्धतामासमेत स्पष्टरुपले समय सीमा राख्नुपर्दछ। त्यसैगरी सामाजिक सञ्जालको प्रयोगमा जिम्मेवारी प्रदर्शन गरिएको हुनु आवश्यक छ। जसमा भ्रामक सूचनामा शेयर वा कमेन्ट कुनै गर्नुहुँदैन। सकारात्मक सन्देश, उपलब्धि र योजनाहरु अगाडि सारिएको हुनुपर्दछ। त्यसैगरी घृणा फैलाउने टिप्पणीलाई प्रोत्साहन गर्नुहुँदैन।

हरेक पार्टी र उम्मेदवारले समूदायसँग प्रत्यक्ष सम्वादगर्ने प्रयास गरेको हुनुपर्दछ। जसका लागि कुनै बिचौलियाको प्रयोग गरिएको हुनुहुँदैन। घरदैलो, छलफल कार्यक्रम र सामूहिक बैठकहरुको आयोजना गर्नुपर्दछ। त्यसैगरी नागरिकका गुनाशा सुन्ने र समाधानको वाचागर्ने कुरामा बढी ध्यानदिइएको हुनुपर्दछ। आफ्ना सबै कार्यक्रममा सकेसम्म युवा, महिला, ज्येष्ठ नागरिक र अल्पसंख्यक समूदायलाई समान ढंगले सहभागी गराउनु राम्रो हुन्छ। त्यसैगरी हरेक निर्वाचनमा निर्वाचन आयोगले सबै पक्षको बिचार गरेर आचारसंहिताको ब्यवस्था गरेको हुन्छ। जसको पालनागर्नु सम्बद्ध सबै पक्षको कर्तब्य हुन्छ। जसमा निर्वाचन आयोगद्वारा जारी आचारसंहिता पालनगर्नु निर्वाचन गराउने सरकार, स्वयं निर्वाचन आयोग, सञ्चार माध्यम, सुरक्षाकर्मी र उम्मेदवार तथा मतदाता सबैको साझा कर्तब्य मानिन्छ। त्यसैगरी निर्वाचनका बेला कसैले पनि सरकारी श्रोत र साधनको दुरुपयोगगर्ने प्रयास गर्नुहुँदैन। उम्मेदवारहरुले मतदाता प्रभावितगर्न अनाबश्यक प्रलोभन दिने र मतदाताहरुले पनि अनाबश्यक माग राख्ने काम गर्नुहुँदैन। निर्वाचन प्रचारका लागि सकारात्मक सन्देशको निर्माण गरिनु सबैभन्दा जरुरी र उपयुक्त हुन्छ। जसमा आशा, विकास र एकताको सन्देश प्रवाह गरिएको हुनुपर्दछ। निर्वाचनपछि पनि कसैले आफ्नो प्रतिबद्धतामा खोट लगाउन नसकोस भनेर पार्टी र उम्मेदवारहरुले सधै चनाखो भएर ध्यानदिएको हुनुपर्दछ।

हामी मिलेर परिवर्तन गर्छौजस्ता समावेशी नाराहरु प्रयोग गर्नुलाई उपयुक्त मानिन्छ। त्यसैगरी निर्वाचनमा उम्मेदवार भएकाहरुले स्थानीय संस्कार र मूल्यकोसमेत सम्मान गरेको हुनुपर्दछ। स्वच्छ र सकारात्मक प्रचारले अल्पकालीन लाभभन्दा दीर्घकालीन विश्वास र विश्वसनीयता दिन्छ। लोकतन्त्रलाई सुदृढ बनाउन प्रत्येक उम्मेदवार र दलले नैतिक, पारदर्शी र मुद्धामा आधारित अभियान चलाउनु आवश्यक छ। त्यसैगरी निर्वाचनमा पारदर्शी वित्त व्यवस्थापनको पनि त्यतिकै महत्व रहन्छ। चुनावी खर्चको स्पष्ट विवरण सार्वजनिक गर्नुपर्छ। अवैध श्रोतबाट आर्थिक सहयोग लिनुहुँदैन। जसले लोकतन्त्रका लागि हानि गर्दछभने स्वयं उम्मेदवारलाई समेत जीवनभर पिरोल्ने हुन्छ। त्यसैगरी निर्वाचनमा हिंसामुक्त वातावरण सुनिश्चितगर्न सबै दल र उम्मेदवारले ध्यानदिएको हुनुपर्दछ। कार्यकर्ता र समर्थकहरुलाई संयमितराख्दै शान्तिपूर्ण **बाँकी ७ पेजमा**

# नेपालमा देखिएको आर्थिक संकट र बैंकहरुको कर्जाको अवस्था

काठमाडौं। नेपालमा बढ्दो आर्थिक संकटप्रति बर्तमान सरकारको खासै ध्यान जान सकेको देखिएको छैन। जसलेगर्दा बैंकहरुको कर्जा समेत संकटमा परेको देखिएको छ। पछिल्ला दिनमा वाणिज्य बैंकहरुले लगातार ब्याजदर घटाइरहेका छन्। गत माघ महिनामा निक्षेपको ४.६८ प्रतिशत ब्याज दिएका बैंकहरुले फागुनमा घटाउँदै ४.५६ मा ल्याएका छन्। बैंकमा पैसा थुप्रिएको छ। त्यो पैसा कतै लगानी हुनसकेको छैन। जसलेगर्दा नेपाल राष्ट्रबैंकले हप्तैपिच्छे बैंकबाट तरलता तानिरहेको छ। यसरी तानिएको रकमको राष्ट्र बैंकले दुई प्रतिशत ब्याज दिने गर्दछ। निश्चित समयका लागिमात्र सो रकम केन्द्रीय बैंकले राख्दछ।

राष्ट्रबैंकले तरलता तानेपनि बैंकहरुले घाटा खानुपरेको छ। कसरी भन्नुपर्दा अहिले बैंकले निक्षेपको ४.५६ प्रतिशत ब्याज दिइरहेको छ तर राष्ट्रबैंकले दुई प्रतिशतमात्र दिन्छ। २.५६ प्रतिशत त बैंकले घाटा खानुपरेको छ। अनि के फाइदा भयो त ? बैंकमा निरन्तर निक्षेप थुप्रिरहँदा कर्जा जानै छोडेको छ। बैंकले कमाउने भनेकै पैसाबाट हो। अझ त्यो पैसालाइर्झ जति चलायमान बनाउन सक्यो, त्यतिनै बैंक नाफामा जान्छ। बैंकमा पैसा थुप्रिंदा होइन, रित्तो भयोभने चाँहि बैंक र मुलुककै अर्थतन्त्र चलायमान हुनपुग्छ। तर, केही वर्षयता बैंकबाट कर्जा प्रवाह हुनै छोडेको छ। बैंकमा ऋण माग्न जाने शून्य बराबर छ। कर्जाबाट बैंकले सबैभन्दा धेरै आम्दानी गर्दैआएको थियो। ऋण प्रवाहकै कारण बैंकहरु निरन्तर नाफामा गइरहेका छन्। एकातिर ब्याज पनि पाइने, अर्कोतिर ऋणीले तीन किस्ता नतिर्नेबित्तिकै करोडौंको धितो लाखौंमा हड्पन पाइने। यसरी बैंकले कमाउँदै आएको थियोभने बैंकका कारण धेरैले आफ्नो धितो गुमाए। पहिले भनिएभन्दा चर्को ब्याज असुल्दा तिर्न नसकेपछि धेरै ऋणीहरु करोडौंको धितो लाखमा गुमाएर सडकमा आइपुगे। अब भने बैंक यही हालतमा पुग्ने देखिएको छ। कारण हो, कर्जा प्रवाह नहुनु र धितोको मूल्य लगातार घट्नु। बैंकबाट ऋण प्रवाह शून्य बराबर भएको छ। उता, कर्जा लगानी गरेका ऋणीको धितोको मूल्य पनि लगातार घटिरहेको छ।

अथवा बैंकले उठाउनु छ डेढ करोड, धितो मूल्य झरेको छ ५० लाखमा। एउटै धितोमा बैंक एक करोड घाटामा छ। ऋणीले ऋण नतिरेपछि बैंकले धितो लिलाम गर्छ। पहिले पो धितोको मूल्य अकासिएको हुन्थ्यो र बैंकलाई नाफा हुन्थ्यो। अहिले त ठ्याक्कै उल्टो छ। एकातिर धितोको मूल्य कौडीको भाउमा झरिरहेको छ, अर्कोतिर त्यही मूल्यमा पनि बिक्री हुँदैन। धितो बिक्री नभएपछि बैंकले ऋण उठाउन सक्दैन। अनि यसो हुनेबित्तिकै बैंक संकटमा पर्छ। सहकारी पनि यसरी नै डुबेको थियो, अब बैंक पनि यही अवस्थामा पुग्ने धेरैको दाबी छ। योसँगै अहिले कर्जा प्रवाह नभएपछि बैंकहरुले धमाधम राष्ट्र बैंकमा पैसा राखिरहेका छन्। राष्ट्रबैंकले दुई प्रतिशत ब्याज दिएर पैसा लिइरहेको छ। तर, त्यो पैसा सरकारी खर्चमा प्रयोग गरिन्छ। वैदेशिक ऋणको साँवाब्याज तिर्न, कर्मचारी, जनप्रतिनिधिलाई तलब, भत्ता वा पेन्सन खुवाउन उक्त निक्षेपको प्रयोग गरिएको पाइन्छ। यसकारण बैंकहरुले राष्ट्र बैंकमा राखेको निक्षेप पनि जोखिममा रहेको देखिन्छ। किनकि सरकारी प्रयोजनमा त्यो रकम खर्चिएपछि फिर्ता आउन वर्षौसम्म लाग्नसक्छ। फेरि ब्याज पाउने भनेको त्यँही दुई प्रतिशत हो। अर्कोतर्फ, सरकार ऋणैऋणमा छ। वैदेशिक ऋण मात्र झण्डै ३२ खर्ब पुगिसकेको छ। देशभित्रै पनि निर्माण व्यवसायीको ४५ अर्ब, कारोना बीमाको २४ अर्ब, स्वास्थ्य बीमाको ४३ अर्ब, दुध तथा उखु किसानको सात अर्ब बक्यौता दिन बाँकी छ। गत भदौ २३ र २४ गते भएको जेनजी विध्वंशमा ८४ अर्ब ७७ करोड ४५ लाख बराबरको सरकारी सम्पत्ति खरानी बनेको छ। निजी क्षेत्रको पनि २७ खर्बको सम्पत्ति ध्वस्त भएको छ। यो पुनःनिर्माणका निम्ति यति नै रकम आवश्यक पर्छ। अनि कहाँबाट ल्याउने ? सरकारी दैनिक खर्च करोडौं छ। कर्मचारी, जनप्रतिनिधिलगायतको तलबभत्ता र पेन्सनमा मात्र मासिक खर्बौ रकम चाहिन्छ। अन्य सेवासुविधा अलग्गै छ। जसमा पनि खर्बौ खर्चहुने गर्दछ। सरकारको खर्च लगातार बढ्दो छ, आम्दानी शून्य। यस्तो अवस्थामा अहिले सरकारले बैंकहरुले राष्ट्र बैंकमा राखेको निक्षेप ऋणकारुपमा चलाइरहेको छ। सरकारले पहिल्यैकै ऋण तिर्न सकेको छैन, यो कसरी तिर्नसक्छ त ? यसले राष्ट्र बैंकमा बैंकहरुले राखेको निक्षेप जोखिममा देखिन्छ। बैंकको निक्षेप जोखिममा पर्नुभनेको केबल बैंक डुब्नुमात्र होइन, बैंकसँग जोडिएका करोडौं बचतकर्ता डुब्नु हो। जीवनभर दुःख गरेर, विदेशमा रगतपसिना बगाएर कमाएको पैसा थोरै ब्याजको प्रलोभन र विश्वासमा परी सहकारीमा राखेकाहरु त चुलुम्मै भइहाले। अब भने बैंकका बचतकर्ताको पालो आएको देखिन्छ। बैंक संकटमा पर्न थालिसकेको छभने फलस्वरुप केही बैंक टाटपल्टिन पनि थालिसकेका छन्। यही अवस्था रहने होभने सरकारीदेखि निजी क्षेत्रसम्मका सबै बैंक डुब्नसक्ने जानकारहरु बताउँछन्। सहकारीको कर्जा लगानी घरजग्गा, गाडी र सेयरमा थियो। बैंकको पनि यिनै क्षेत्रमा छ। यो क्षेत्रमा पछिल्ला वर्षमा व्यापक मन्दी छ।

दलालहरुले बढाएको कृत्रिम मूल्य पहिल्यैकै अवस्थामा फर्किन थालेको छ। रोपनीको दश हजारमा नबिक्ने खेतीयोग्य जमिन भूमाफियाहरुले खण्डीकरण गरेर आनाकै २५ लाखदेखि करोडौंमा बेचे। एक रोपनी जमिनमा १६ आना हुन्छ। छिमेक भारत र चीनले ५० हजारदेखि बढीमा पाँच लाखमा बनाएको गाडी अटो शोरुमहरुले डेढ लाखदेखि करोडौंमा बेचे। गाडी बनाउँदा प्रयोग हुने सामान कवाडीको भाउमा समेत बिक्री हुन्न। सेयर बैंक, वित्तिय संस्था, हाइड्रोपावर, बीमालगायत कम्पनीले १०० रुपैयाँ प्रतिकित्तामा निष्काशन गरेका हुन्। तर, दलालहरुले मूल्य बढाएर ३२ सयसम्म पुऱ्याए। दलालको लहैलहैमा लागेर आम सर्वसाधारणले यी क्षेत्रमा लगानी गरे। **बाँकी ७ पेजमा**

# चुनावी घोषणापत्रमा प्रमुख पार्टीका प्राथमिकताहरु एक चर्चा

## यो साताको बिशेष

**सबैको ध्यान ऊर्जामा :** प्रमुख राजनीतिक दलले मुलुकको आर्थिक समृद्धिसँग जोडिएको प्रमुख क्षेत्रका रुपमा ऊर्जा क्षेत्रलाई चित्रण गर्दै आफ्ना घोषणापत्रमा विशेष स्थान दिएका छन्। उनीहरुले विभिन्न समयसीमा निर्धारण गरेर कार्यान्वयन पक्षमा रहेको जटिलता हटाउने र ऊर्जा क्षेत्रमैत्री वातावरण बनाउने योजनासमेत अगाडि सारेका छन्। आन्तरिक खपतको वृद्धि, रोजगारी सृजना तथा ऊर्जा कूटनीतिमार्फत क्षेत्रीय बजारमा बिक्रीगर्ने लक्ष्यलाई प्रमुख प्राथमिकतामा राखेका छन्। नीतिगत जटिलताको अन्त्य, आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्यगरी निजी क्षेत्रलाई धक खोलेर लगानीगर्ने वातावरण बनाउने विषय घोषणापत्रमा समेटिएका छन्। वाचापत्र, प्रतिबद्धतापत्रजस्ता नाम दिइएका राजनीतिक दलका घोषणापत्रमा यसपटक सबैको साझा एजेन्डाका रुपमा ऊर्जा क्षेत्र पर्नगएको छ। कुनै राजनीतिक दलले १० वर्षको योजना अगाडि सारेका छन्, कुनै राजनीतिक दलले पाँच वर्षको नीति अवलम्बन गर्ने लक्ष्य राखेको छ। सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यको हाराहारीमा नै रहेर प्रमुख दलले ऊर्जा मिश्रण तथा वैकल्पिक ऊर्जालाई पनि उत्तिकै प्राथमिकता दिएको देखिन्छ। कार्यक्रमिक रुपमा नेपाली कांग्रेसले 'पर्याप्त ऊर्जा : दिगो विकास'को नारा दिएको छ। त्यसमा आगामी पाँच वर्षमा देशको कुल बिद्युत जडित क्षमता १४ हजार मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ। उज्यालोमात्र होइन, आर्थिक उपार्जन सेयरबाट स्वरोजगारका रुपमा सो दलले यस क्षेत्रको दिगो र दीर्घकालीन विकासलाई प्रमुख प्राथमिकतामा राखेको छ। यस्तै, प्रतिव्यक्ति बिद्युत खपत ७५० युनिट पुऱ्याउने, बढ्दो खपत, घट्दो महसुलको अवधारणा लागूगर्ने, राष्ट्रिय ऊर्जा सुरक्षा नीति बनाई ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै नागरिकलाई स्वच्छ र गुणस्तरीय ऊर्जा सुनिश्चित गर्ने कांग्रेसको योजना छ। यस्तै, पेट्रोल, डिजेललाई क्रमशः प्रतिस्थान गर्दै जाने लक्ष्य कांग्रेसको छ।

सो दलको घोषणापत्रमा नेपाली कांग्रेसले ऊर्जा विकासलाई प्राथमिकतामा राखेको यथार्थ पार्टीको सरकारले ०४९ सालमा ल्याएको जलबिद्युत विकास नीति र हालसम्म पनि प्रचलनमा रहिरहेको बिद्युत ऐन-०४९ का साथै जलबिद्युत विकास नीति-०५८ बाट स्पष्ट हुन्छ भनिएको छ। ठूलाठूला राजनीतिक परिवर्तन र सङ्क्रमणकालीन अस्थिरताले गर्दा अन्य क्षेत्रझैं ऊर्जा उद्योगले पनि नीतिगत सुधारको यथोचित लाभ लिन नसकेको यर्थाथता कांग्रेसले स्वीकार गरेको छ। कांग्रेसले लागू गरेको उदार जलबिद्युत नीतिकै जगमा आजको ऊर्जा उद्योग उभिएको दाबी गरिएको छ। अनुभवी प्राविधिक जनशक्तिको उपलब्धता र बैंकहरुको सुधारिएको दक्षताले लगानीको वातावरण थप सुदृढ बनेको बैंक तथा वित्तीय संस्थाले परियोजना बुझेर लगानी गर्न थालेकाले वित्तीय पहुँच बढेको कांग्रेसको स्वीकारोक्ति छ। नेपाली निजी क्षेत्रले अहिले ठूला जलबिद्युत आयोजना निर्माण गर्न सक्ने आत्मविश्वास र क्षमता हासिल गरेको उल्लेख गर्दै सो दलले यस प्रकारको उत्साहलाई ठोस नतिजामा बदल्न आवश्यक नीतिगत सहजता र वित्तीय स्रोतको सही परिचालन गर्न सकिएको खण्डमा जलबिद्युत क्षेत्र मुलुकको औद्योगिक क्रान्तिको मुख्य आधार बन्ने उल्लेख गरेको छ। कांग्रेसले ऊर्जा सुरक्षालाई मध्यनजरगरी राष्ट्रिय ऊर्जा सुरक्षा नीति तय गर्ने, मुलुकको आर्थिक उन्नति, गरिबी निवारण र वातावरण संरक्षणसँग जोडेर हरेक नागरिकका लागि भरपर्दो र आधुनिक ऊर्जा सुनिश्चित गर्दै उर्जामा आत्मनिर्भर बन्ने कार्यक्रम समेटेको छ। कांग्रेसको



प्रतिज्ञापत्रमा बुढीगण्डकी र दूधकोशीजस्ता ठूला आयोजना अघि बढाउने र हाल करिब ४५० युनिटको हाराहारीमा रहेको प्रतिव्यक्ति बिद्युत खपतलाई आगामी पाँच वर्षभित्र ७५० युनिट पुऱ्याउने विषयलाई प्राथमकितामा राखेको छ। बढ्दो खपत घट्दो महसुलको अवधारणालाई कार्यान्वयनमा लैजाने लक्ष्य राखेको कांग्रेसले हाल करिब चारहजार मेगावाट बिद्युत जडित क्षमता रहेकामा अन्तरराष्ट्रिय एवं निजी क्षेत्रको समेत सामूहिक लगानी जुटाएर सौर्य बिद्युतसहित थप करिब १० हजार मेगावाट क्षमताका आयोजनालाई निर्माण चरणमा लैजाने बताएको छ। त्यसका लागि नीतिगत र नियामकीय सुधार गरी कुल जडित क्षमता वृद्धि गर्ने बताएको छ। कांग्रेसले सरकारबाट 'भायाबिलिटी ग्याप फन्डिङ' उपलब्ध गराउँदै बुढीगण्डकी र दूधकोशीजस्ता जलाशययुक्त एवं अर्धजलाशययुक्त बेतन कर्णाली र चैनपुर सेती आयोजनाको निर्माण राष्ट्रिय प्राथमिकताका साथ शुरुगर्ने बताएको छ।

विगत ३० वर्षदेखि अलपत्र रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय हितको अधिकतम रक्षागर्दै प्राविधिक र राजनीतिक सहमतिमार्फत कार्यान्वयनमा लैजान गम्भीर पहलगर्ने कांग्रेसको प्रतिबद्धता छ। जलबिद्युत आयोजनाले पालना गर्नुपर्ने वन, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्यांकनको प्रक्रियालाई छ महिनाभित्र टुंग्याउने गरी एकद्वार प्रणालीको व्यवस्थासहित कानूनी सुधार गर्ने विषय प्राथमिकतामा छ। हाल आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि छुट्याइएको जलबिद्युत कम्पनीहरुको १० प्रतिशत अग्राधिकार सेयर खरिदगर्न सम्बन्धित विपन्न परिवारका लागि लाभांशबाट क्रमशः तिर्दै जानेगरी सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था गर्ने कांग्रेसको योजना छ। आयोजना निर्माणमा संलग्न नेपाली नागरिक श्रमिकलाई पनि त्यस्तो सेयर खरिद गर्ने व्यवस्था र आर्थिक सहुलियत प्रदान गरिने भएको छ। स्वदेशी खपतपछि जगेडा हुनजाने बिद्युत निर्यातका लागि अन्तरदेशीय व्यापारमा रहेका जटिलता फुकाउन छिमेकी देशहरुसँग राजनीतिक र कूटनीतिक पहलमा जोड दिने, नेपाल-भारत बिद्युत व्यापारलाई उपक्षेत्रीय तहसम्म विस्तार गर्न प्रभावकारी आर्थिक कूटनीति अवलम्बन गर्ने कांग्रेसको योजना छ। 'स्वच्छ ऊर्जा, स्वदेशमा खपत हरित विकास, विदेशमा निर्यात' नाराका साथ एमालेले जलबिद्युत, सौर्य, ग्रीन हाइड्रोजन समेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण र वितरणका आयोजना सम्पन्न गर्ने योजना अगाडि सारेको छ। ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको स्वच्छ ऊर्जा निर्यातक हबकारुपमा विकासगर्ने, बिद्युत उत्पादन र प्रतिव्यक्ति बिद्युत उपभोग दोब्बर बनाउने कार्यक्रम सो दलले आफ्नो घोषणापत्रमा समावेश गरेको छ। स्वच्छ ऊर्जा उत्पादन र प्रसारण तथा वितरण प्रणाली निर्माण गर्नका लागि राज्यको लगानी वृद्धि गर्ने एमालेको कार्यक्रम छ। निजी क्षेत्रलाई उत्पादनसँगै प्रसारण लाइन निर्माण र बिद्युत निर्यात गर्न उपयुक्त वातावरण विकासगर्ने एमालेको प्रतिबद्धता छ। जलबिद्युत, सौर्य ऊर्जा र ग्रीन हाइड्रोजनसमेत विकास गरी ऊर्जा आपूर्तिको विश्वसनीय प्रणाली स्थापित गर्ने सो दलको भनाइ छ। हिउँदको समयमा समेत बिद्युत आपूर्तिको समस्या नरहनेगरी माथिल्लो अरुण, दूधकोशी र बुढीगण्डकी आयोजनाको कार्यान्वयनगर्ने तथा निजी बिद्युत आयोजना निर्धारित समयमा सम्पन्नगर्ने सबै प्रकारको प्रयासगर्ने सो दलको कार्यक्रममा समावेश छ। सुनकोशी-मरिन तथा भेरी बबईजस्ता नदी पथान्तरणका सिँचाइ तथा बिद्युत आयोजना सम्पन्न गर्ने, कृषि, उद्योग, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय र वित्तीय क्षेत्रबाट हुने ऊर्जाको मागलाई प्राथमिकताका साथ आपूर्ति गरिने विषयलाई एमालेले प्राथमितामा राखेको छ।

कुल गार्हस्थ्य उपभोगमा बिद्युतको खपतलाई प्रोत्साहितगर्ने, तराई, उपत्यका र टारमा डिपबोरिङ तथा लिफ्ट प्रणालीबाट सिँचाइ गर्न आवश्यक विद्युत सेवा सुपथ महसुलमा उपलब्ध गराउने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ। सामुदायिक विद्युतीकरणलाई प्रोत्साहन गर्न सामुदायिक बिद्युत उपभोक्ता संस्थाहरुको दिगो व्यवस्थापनका लागि मौजुदा नीति, कानुन र नियमलाई पुनरावलोकन गरी जनताको घरदैलोमा दैनिक उपभोगका लागि विद्युतीय सेवालाई सर्वसुलभ बनाउने लक्ष्य निर्धारण गरिएको छ। ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योग सञ्चालनका लागि र कृषिको औद्योगिकीकरणका लागि ऊर्जाको समुचित व्यवस्था गर्न सामुदायिक बिद्युत उपभोक्ता संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम एमालेको रहेको छ। नेपाली कम्युनिस्ट पार्टीले विशेष प्राथमिकताका साथ ऊर्जा तथा पूर्वाधार विकासलाई आफ्नो प्रतिबद्धतापत्रमा समावेश गरेको छ। त्यसमा जलबिद्युत, नवीकरणीय ऊर्जा तथा एकीकृत करिडोरको विषय अगाडि सारिएको छ। नेकपाले प्रतिव्यक्ति बिद्युत खपत पाँच वर्षमा ७५० किलोवाट घण्टा पुऱ्याउने विषय समावेश गरेको छ। हाल नै प्रतिव्यक्ति बिद्युत खपत ३८० किलोवाट घण्टाबराबर पुगेको छ।त्यसैगरी, विसं २१०० सम्म ४० हजार मेगावाट बिजुली उत्पादन गर्ने दीर्घकालीन लक्ष्य नेकपाले तय गरेको छ। बिद्युत उत्पादनको प्रक्रिया शुरुगर्दा १० हजार जनाले प्रत्यक्ष वा परोक्ष रुपमा रोजगारी पाउने अवस्थामा नेकपाले ऊर्जा क्षेत्रलाई समृद्धिको आधारका रुपमा व्याख्या गरेको छ। यस्तै, आगामी पाँच वर्षमा १० हजार मेगावाट बिजुली थप गर्ने लक्ष्य समेत नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ। हाल निर्माणमा रहेका आयोजना, निर्माणमा जान ठिक्क भएका आयोजना र निर्माण सकिने चरणमा रहेका आयोजना जोडिनेबित्तिकै यो लक्ष्य पूरा



हुन्छ। यस्तै, भारत र बंगलादेशमा थप व्यवस्थित तरिकाले बिजुली निर्यात गर्ने नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ। केही कानूनी प्रश्नहरुको तत्काल समाधान गर्ने उल्लेख गरेको नेकपाले समाधान गर्ने र नेपाल बिद्युत प्राधिकरण, बिद्युत विकास विभागजस्ता संस्थाको नेतृत्वमा कामकाजी मान्छे ल्याउनेबित्तिकै सबैभन्दा देखिनेगरी प्रगति यही ऊर्जा क्षेत्रमा नै हुने देखिन्छ। नेकपाले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर प्रतिबद्धतापत्रमा समावेश गरेकाले पनि यो वस्तुनिष्ठ र व्यावहारिक देखिन्छ। उज्यालो नेपालको नेतृत्वकर्ता भएकाले नेकपाको प्रतिबद्धतापत्र अन्यको तुलनामा वैज्ञानिक र कार्यान्वयनमुखी रहेको देखिन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी दशकमा ३० हजार मेगावाट बिजुली उत्पादनगर्ने महत्वाक्यांक्षी लक्ष्य निर्धारण गरेको छ। ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरणसम्बन्धी विद्यमान कानुनमा सुधार र परिमार्जन गरिनेछ। यस्तै, हाल आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने अवस्थाको अन्त्यगरी एकल बिन्दु सेवा केन्द्रमार्फत काम हुने वातावरण बनाउने सो दलको योजना छ। जलस्रोत नीतिको तयारी गरी लागूगर्ने, पम्प स्टोरेज वा अन्य प्रविधिमा आधारित भण्डारण, वितरण प्रणालीमा निजी क्षेत्रमैत्री वा सहभागितामा काम गर्ने सो दलको प्रतिबद्धतापत्रमा उल्लेख छ। यस्तै, सौर्य प्रणालीको विकास र विस्तार, आन्तरिक बिद्युत खपत वृद्धि उद्योगसम्म प्रसारण लाइन विस्तारगर्ने योजना अगाडि सारेको सो दलले ऊर्जामा आधारित ठूला उद्योगको विकास गर्ने लक्ष्य राखेको छ। सिमेन्ट, रासायनिक मल उद्योग, डाटा सर्भर, वितरण प्रणालीमा सुधार गरिनेछ। यस्तै, बिजुलीको महसुलमा पुनर्संरचना, सन् २०३५ सम्म प्रतिव्यक्ति खपत एक हजार ५०० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य राखिएको छ। ऊर्जा निर्यातका लागि भारत र बंगलादेशसँग ऊर्जा कूटनीतिक अवलम्बन गरी अप्लकालीन, मध्यकालीन र दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने सो दलको कार्यक्रम छ। यस्तै, सीमापार प्रसारण लाइनको विस्तार, ऊर्जा बजार पहुँच र स्थिर खरिद बिक्री संरचनामार्फत नेपाललाई विश्वसनीय ऊर्जा आपूर्तिकर्ता बनाउने लक्ष्य सो दलले राखेको छ। उज्यालो नेपाल पार्टीले पनि ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्त्वपूर्ण योजना र कार्यक्रम अगाडि सारेको छ। निर्वाचनमा भाग लिन लागेका अधिकांश राजनीतिक दलको प्रतिबद्धतामा ऊर्जा क्षेत्रले विशेष प्राथमिकता पाएको छ। आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा यो क्षेत्र स्थापितहुँदा बेरोजगारीको अन्त्य, आर्थिक विकास र समृद्धिको ढोका खुल्ने जानकारहरुको टिप्पणी छ। यस्तै, केहीले भने कार्यान्वयनको प्रक्रियामा जाँदा के-कसो हुने हो, त्यसलाई मध्यनजर गरेर मात्र यस विषयलाई थप प्रष्ट पार्न सकिने उल्लेख गरेका छन्।

**एमाले घोषणापत्र :** एमालेले प्रतिनिधिसभा निर्वाचन ०८२ घोषणापत्र सार्वजनिक गरेको छ। आज यहाँ आयोजित कार्यक्रममा पार्टी अध्यक्ष केपी शर्मा ओलीले घोषणा पत्र सार्वजनिक गर्नुभएको हो। एमालेले तत्काल गर्नुपर्ने ११ काम, पाँच विकासका लागि आधारभूत घोषणा र २५ समृद्धिको स्तम्भ समेटिएको घोषणापत्र सार्वजनिक गरेको हो। एमालेले आफ्नो नेतृत्वमा सरकार बनेपछि पहिलो मन्त्रिपरिषद् बैठकबाट घोषणा पत्रमा समेटिएका तत्काल गर्नुपर्ने ११ काम गर्ने उल्लेख गरेको छ। घोषणापत्रमा श्रमिकको तलब न्यूनतम पारिश्रमिक २५ हजार पुऱ्याउने उल्लेख छ। यस्तै सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड तथा कक्षा १० सम्मका विद्यार्थीलाई खाजाको व्यवस्थागर्ने एमालेको घोषणापत्रमा उल्लेख गरिएको छ। यसैगरी १८ वर्षदेखि २८ वर्ष उमेर समूहका युवालाई एक वर्षसम्म निःशुल्क हरेक महिना १० जीवी इन्टरनेट डाटा, युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ। सूचना प्रविधि र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपभोगगर्न सहज बनाइ १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख बनाउने वाचा गरेको छ। एमालेले वैदेशिक रोजगारमा रहेका श्रमिकले विप्रेषण पठाउनेलाई बैंक खातामा रु पाँच हजार थप गर्ने तत्काल गर्नुपर्ने काममा उल्लेख गरेको छ। प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा उपलब्ध गराउने एमालेको घोषणा पत्रमा भनिएको छ। यस्तै २० हजार सुत्केरी भत्ता र रु पाँच लाखसम्मको निःशुल्क जीवन बिमा उपलब्ध गराउने घोषणा पत्रमा उल्लेख गरिएको छ। एमालेले राज्यद्वारा गरिब परिवारको रुपमा पहिचान भएका घर परिवारले बैंक तथा वित्तीय संस्थाबाट ०८२ भदौसम्म लिएको २५ हजारसम्मको ऋण मिनाह गराउने भएको छ। शिक्षकको मर्यादा तोक्ने र सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने, सुरक्षाकर्मीको सम्मान र कल्याणका लागि पेशागत मर्यादा, सेवा सुविधा, सामाजिक सुरक्षा र स्वास्थ्य उपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चिता गर्ने एमाले घोषणापत्रमा उल्लेख गरिएको छ। एमालेले कृषिको उत्पादत्व, **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा सामाजिक सशक्तिकरणको सवाल

बिद्यादेवी भण्डारी



सर्वप्रथमतः लोकतन्त्र दिवसका पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु। हामीले लोकतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरुमा जीवन आहुति दिने ज्ञात-अज्ञात शहीदहरुको योगदानलाई सधैं उच्च सम्मानका साथ स्मरण गर्नुपर्छ। उनीहरुको त्याग र बलिदानले नै आजको उपलब्धि सम्भव भएको हो। तसर्थ, उनीहरुको योगदानको सम्मान गर्दै लोकतान्त्रिक मूल्य-मान्यतालाई व्यवहारमा उतार्नु हाम्रो साझा जिम्मेवारी हो। लोकतान्त्रिक संस्थाहरुलाई सुदृढगर्दै संविधानको प्रभावकारी कार्यान्वयन मार्फत स्थायित्व, सुशासन र विकास सुनिश्चितगर्नु हाम्रो साझा दायित्व हो। नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्र हाम्रो राष्ट्रिय गौरव र ऐतिहासिक उपलब्धि हो। इतिहासलाई फर्केर हेर्ने होभने नेपालको राष्ट्रिय एकीकरणको चरणदेखि ००७ सालको क्रान्ति होस् वा ०४६ सालको जनआन्दोलन वा ०६२//६३ सालको जनआन्दोलन सफल हुनुमा नयाँ पुस्ताको अग्रणी भूमिका रहेको देखिन्छ। युवाहरुकै युवाहरुकै वलिदानबाट बलिदानबाट नेपाली जनताले आफूलाई राज्यसत्ताको वास्तविक श्रोतकारुपमा स्थापित गरेका हुन्। युवा ऊर्जाशील रगतको बलमा नै देशको सार्वभौमिकता, स्वाभिमान र तथा जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। जनजीविकामा सुधार आउन सक्छ। देशको आवश्यकतामा उपयोग हुने युवा शक्तिमा कदापि अराजकता र, अधैर्यता हुनुआउन हुँदैन। कसैप्रति द्वेष, घृणा र विध्वंशको भाव नराखी राष्ट्रप्रति जिम्मेवार र उत्तरदायीहुँदै सार्वभौमिकता, स्वाभिमान र जनजीविकाप्रति संयम हुन आवश्यक छ। लोकतन्त्रका मुख्य आधारस्तम्भ भनेकै युवापुस्ता हुन्। नेपालको विविधता र राजनीतिक विभाजनबीच राष्ट्रिय एकता कायम राख्न सहमति र सहकार्य अपरिहार्य रहेको छ। युवापुस्तालाई विशेष रुपमा सम्बोधन गर्नु आजको आवश्यकता हो। तथापि, त्यसक्रममा ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिहरु तथा अन्य सबै सीमान्तीकृत समुदायका मुद्धा र सरोकारलाई बिर्सनु कदापि हुँदैन। लोकतान्त्रिक समाजमा सबै वर्ग, उमेर समूह र समुदाय एकअर्कासँग जोडिएर एउटै सामाजिक संरचनाभित्र सहअस्तित्वका साथ बाँचिरहेका हुन्छन्। यसकारण, राज्यका नीति, कार्यक्रम र राजनीतिक अभ्यासहरु समावेशी, न्यायपूर्ण र सन्तुलित हुनुपर्छ। कुनै एक वर्गकोमात्र सशक्तीकरणले लोकतन्त्र बलियो हुँदैन, समाजका सबै वर्ग र समुदायको समान सहभागिता, संरक्षण र सम्मान सुनिश्चित गर्न सकेमा मात्र लोकतान्त्रिक प्रणाली दिगो र प्रभावकारी बन्न सक्छ।

तसर्थ नेपालको विविधता र राजनीतिक विभाजनको अवस्था बीच राष्ट्रिय एकता कायम राख्न सहमति र सहकार्य अपरिहार्य रहेको छ। प्रजातन्त्रले लोकतन्त्रले नेपाली जनतालाई आफ्नो शासन आफैंगर्ने अधिकार प्रदान गरेको छ। प्रजातन्त्र लोकतन्त्र केवल शासन प्रणाली मात्र नभई जनताको अधिकार र कर्तव्यबीचको सन्तुलन हो। अधिकारको उपभोगसँगै कर्तव्यप्रति सचेतहुँदै सामाजिक सद्भाव, राष्ट्रिय एकता, सहिष्णुता र पारस्परिक सम्मानलाई बलियो बनाउनु आजको आवश्यकता हो। लोकतान्त्रिक मूल्य-मान्यता व्यवहारमा उतार्न सकेमात्र यसको प्रजातन्त्रको सार्थकता प्रमाणित हुन्छ। सामाजिक सद्भाव, राष्ट्रिय एकता, सहिष्णुता र पारस्परिक सम्मानलाई बलियो बनाउँदै समृद्ध नेपाल निर्माणतर्फ अघिबढ्नु आजको आवश्यकता हो। लोकतन्त्रलाई सफल बनाउन नागरिकको सक्रिय सहभागिता र जिम्मेवारीबोध अपरिहार्य रहेको हुन्छ। नागरिक सचेत, सूचित र सक्रिय नभएसम्म लोकतन्त्रको सार्थकता स्थापित हुन सक्दैन। त्यसैले लोकतन्त्रको रक्षा र सुदृढीकरणमा राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हुन्छ। जनताको सार्वभौमसत्ता, विधिको शासन, मानवअधिकारको संरक्षण, अभिव्यक्ति स्वतन्त्रता तथा समावेशी सहभागिताको सुनिश्चितता प्रजातान्त्रिक लोकतात्रान्त्रिक व्यवस्थाका आधारस्तम्भ हुन्। यी मूल्य-मान्यतालाई व्यवहारमा रुपान्तरण गर्न राज्यका सबै अंग, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिकबीच सहकार्य र उत्तरदायित्व आवश्यक अपरिहार्य छ। राजनीतिक दलपार्टीहरुहरुले आफूले अवलम्बन गरेका नीति, कार्यक्रम र सिद्धान्तको कार्यान्वयनबारे निरन्तर समीक्षागर्दै समयानुकूल आफ्ना पार्टीका नीति, कार्यक्रम तथा र कार्यशैलीमा सुधारगर्दै लैजानुपर्छ। पार्टीभित्र स्वच्छ प्रतिस्पर्धात्मको निर्वाचनको अभ्यासका साथै, आन्तरिक बैठक छलफलगर्दा राष्ट्रिय एजेण्डालाई प्राथमिकतामा राख्न जरुरी छ। साथै, आज जलवायु परिवर्तनको प्रभावका कारण हाम्रो स्वास्थ्यदेखि पृथ्वीकै स्वास्थ्यमाथि गम्भीर सङ्कट देखापर्न थालेकाले यस्ता विषयहरुहरुलाई पनि बहसमा बहसमा ल्याउन आवश्यक छुपर्ने हुन्छ। यस व्यवस्थालाई थप सुदृढ बनाउन राज्यका सबै अंग, राजनीतिक दल, नागरिक समाज तथा आम नागरिकबीच सहकार्य र आपसी विश्वास आवश्यक छ। युवालाई रोजगारीको सुनिश्चितता, राज्यका सेवा प्रवाहलाई पारदर्शी, सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माणगर्न सकिएमा लोकतन्त्र प्रजातन्त्रप्रतिको जनविश्वास र आस्था अझ बढेर जानेछ। लोकतन्त्र केवल राजनीतिक व्यवस्थामात्र नभई नागरिकको सहभागिता, पारदर्शिता, उत्तरदायित्व र सामाजिक न्यायको सुनिश्चिततागर्ने जीवनशैली पनि हो। हामीले लोकतन्त्रलाई केवल अधिकारको उपभोगमा सीमित नराखी कर्तव्यबोधसँग जोड्नुपर्छ। सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई मजबुत बनाउँदै भ्रष्टाचार नियन्त्रण, पारदर्शिता प्रवर्द्धन तथा जनमुखी सेवा प्रवाहमार्फत नागरिकको जीवनस्तर उकास्नु आजको आवश्यकता हो। लोकतन्त्रको रक्षा र प्रवर्द्धनमा हामी सबै सचेत, जिम्मेवार र प्रतिबद्ध हुन आवश्यक छ। अन्त्यमा लोकतन्त्रको रक्षा र प्रवर्द्धनमा हामी सबै सचेत, जिम्मेवार र प्रतिबद्ध हुन आवश्यक छ। लोकतन्त्रको महत्वपूर्ण आधार भनेकै आवधिक निर्वाचन पनि हो। मुलुक यतिबेला विषम परिस्थितिमा आम निर्वाचनको संघारमा रहेको छ। निर्धारित मितिअगावै एक किसिमले भन्ने होभने यसलाई मध्यावधि निर्वाचन नै भन्न सकिन्छ। देशले गत भदौ २३ र २४ गते ठूलो दुर्घटना भोग्नुपर्‍यो।

आगामी दिनमा यस्ता घटना कहिल्यै दोहोरिन दिनुहुँदैन। यतिबेला पूर्व राष्ट्रपतिको हैसियतमा मैले आम नागरिकसँगै निर्वाचनमा आफ्नो अभिमत व्यक्त गरिरहँदा क्षणिक सस्तो लोकप्रियताका कुराभन्दा जिम्मेवार ढंगबाट गर्न आह्वानगर्न चाहन्छु। भोलि कुनै पनि खालको अनिष्ठ देशले भोग्न नपरोस्भन्ने कुरामा ख्याल राख्दै राजनीतिक स्थायित्व, आर्थिक समृद्धि, सुशासन र जनजीविकामा सुधार ल्याउनसक्ने पार्टीलाई मतदान गर्नुपर्ने अवसर हाम्रासामु आएको छ। (प्रस्तुत विचार पूर्वराष्ट्रपति भण्डारीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# नेकपा(बहुमत) का महासचिव टेबहालबाट पक्राउ

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का महासचिव काठमाडौंको टेबहालबाट पक्राउ परेपछि सो पार्टीले देशब्यापि बिरोध शुरु गरेको छ। यसैक्रममा सो पार्टीको केन्द्रीय समितिद्वारा जारी एक प्रेस वक्तव्यमा राष्ट्रिय स्वाधीनताको रक्षा, स्वाधीन संयुक्त सरकार गठन तथा जनसंविधान निर्माणको बाटोमा अघिबढ्ने उद्देश्यसहित बन्द आह्वान गरिएको उल्लेख गरिएको छ। वक्तव्यमा भनिएको छ-मुलुकको वर्तमान राजनीतिक, आर्थिक र सामाजिक संकटकाबीच राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित समस्याहरु झन् जटिल बन्दैगएका छन्। यस्तो अवस्थामा राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षागर्दै नयाँ राजनीतिक निकास खोज्नुपर्ने आवश्यकता औंल्याइएको छ। सो पार्टीले जनताका आधारभूत आवश्यकता, रोजगारी, शिक्षा, स्वास्थ्य र सामाजिक न्यायका सवालमा राज्य असफल भएको। नेपाल बन्द सफल बनाउन सहयोग पुर्‍याउने मजदुर, किसान, शिक्षक, बिद्यार्थी, व्यापारी, यातायात व्यवसायी, उद्योगी, पेशाकर्मी तथा उत्पीडित समुदायप्रति विशेष धन्यवाद छ। बक्तब्यमा बिभिन्न राजनीतिक शक्ति, देशभक्त र जनवादी अभियानहरुले दिएको नैतिक समर्थनले आन्दोलनलाई थप बल पुगेको वक्तव्यमा उल्लेख गरिएको छ। सो पार्टीले आफ्ना महासचिव धर्मेन्द्र बास्तोलालाई काठमाडौंको टेबहाल र केन्द्रीय सदस्य विनोद मरासिनीलाई बुटवल उपमहानगरपालिका-१४ स्थित निवासबाट पक्राउ गरिएको जनाएको छ। त्यस्तै जिल्ला सदस्य शोभे थारुलाई कपिलवस्तु जिल्ला पिपरा क्षेत्रबाट र अर्का जिल्ला सदस्य पूर्ण तिवारीलाई सुर्खेत जिल्ला अन्तर्गत भेरीगंगा नगरपालिका-ठूलो जात्रिस्थित घरबाट पक्राउ गरिएको दाबी गरिएको छ। पार्टीले ती गिरफ्तारहरुलाई राज्यद्वारा गरिएको दमनकारी कदमको संज्ञादिँदै राजनीतिक आस्थाका आधारमा गरिएको धरपकड अस्वीकार्य भएको जनाएको छ। बन्दकाक्रममा नेताहरुलाई घरबाटै पक्राउ गरिएको उल्लेखगर्दै यसले लोकतान्त्रिक अधिकारमाथि प्रहार गरेको आरोप लगाइएको छ। सरकारले तत्काल सबै पक्राउ परेका नेता तथा कार्यकर्तालाई बिनाशर्त रिहागर्न सरकारसँग माग गरेको छ। सो पार्टीले गत महिनादेखि नै देशमा बिद्यमान समसामयिक बिषयलाई लिएर बिभिन्न स्थानमा आन्दोलन गर्दै आएको थियो।

# निर्वाचनका लागि भयरहित वातावरण नभएको दाबि

काठमाडौं। नेपाली कम्युनिष्ट पार्टीले आगामी २१ गतेको निर्वाचनका लागि भयरहित वातावरणमा बन्न नसकेको भन्दै त्यस्तो वातावरण बनाउन सरकारसँग माग गरेको छ। हालै सो पार्टीका निर्वाचन प्रचार समितिका संयोजक अग्नीप्रसाद सापकोटाले पार्टीको केन्द्रिय कार्यालयमा आयोजना गरिएको एक पत्रकार सम्मेलनमा उपरोक्त कुरा बताउनु भएको हो। सो पार्टीले स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्नगर्न निर्वाचन आयोगलाई समेत आग्रह गरेको छ। सो पार्टीले एक पत्रकार सम्मेलनगरी निर्वाचन विथोल्न चाहने शक्तिहरु अहिले पनि सक्रिय भएको उल्लेखगर्दै भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा राखेको छ। नेकपाले बिभिन्न पक्षबाट कतिपय प्रशंगगमा दलहरुपिच्छे आचारसंहिता अनुगमनमा फरक व्यवहार तथा आचारसंहिता उल्लंघनविरुद्ध प्रभावकारी निगरानी र कारवाही नगरेको जस्ता प्रश्नहरु निर्वाचन आयोगमाथि उठाइएका छन्, जटिल परिस्थितिमा निर्वाचनगर्न लागेको आयोगले आफूमाथि प्रश्न उठ्न नदिन, जनतामा भ्रम छरिनबाट रोक्न तथा आचार संहिताविपरीतका सबै गतिविधिहरु विरुद्ध प्रभावकारी कदम चाल्दै जनताको विश्वास कायम राख्नुपर्छ भनेको छ। निष्पक्ष, स्वतन्त्र र भयमुक्त निर्वाचन सुनिश्चितगर्न स्पष्ट निर्णय, कडा निगरानी र आचारसंहिता कार्यान्वयनमार्फत जनविश्वास सुदृढगर्नु निर्वाचन आयोगको संवैधानिक दायित्वसमेत रहेकाले आयोगले विगतमाझैं आफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गर्नेछभन्ने पार्टीको अपेक्षा छ। पत्रकार सम्मेलनमा सापकोटाले वर्तमान संकटबाट देशलाई बाहिर निकाल्न, स्वाधीनता र सार्वभौमसत्ता तथा राष्ट्रिय एकता सुदृढगर्न र स्वच्छ, निष्पक्ष एवं भयमुक्त वातावरणमा निर्वाचन सुनिश्चितगर्न नेपाल सरकार, सुरक्षा निकाय, निर्वाचन आयोग लगायत सबै पक्षलाई उच्चतम इमानदारी, जिम्मेवारी र प्रतिबद्धता प्रदर्शनगर्न हामी हार्दिक आह्वान गर्दछौं भन्नुभएको थियो। केही सीमित सञ्चारमाध्यम पत्रकारिताको न्यूनतम मान्यता र निर्वाचन आचारसंहित विपरीत भ्रामक र गलत सूचना फैलाएर आफ्नो पार्टीलाई अवमूल्यनगर्ने प्रयासमा निरन्तर लागिरहेको उहाँको भनाइ थियो। नेपाली कम्युनिष्ट पार्टीले जसरी पनि तोकिएकै मितिमा आगामी २१ गते निर्वाचन हुनुपर्ने दाबि गर्दै आएको छ।

सन्ध्याकालीन दैनिक
खोजी खोजी पढ्नु होस्।

# अन्तराष्ट्रिय

## बंगलादेशका नयाँ प्रधानमन्त्रि रहमानलाई देखापरेका पछिल्ला र ताजा चुनौतीहरु

कर्तव्य

बंगलादेशका प्रधानमन्त्री तारिक रहमानले ५० सदस्यीय मन्त्रिपरिषद् घोषणागर्दै गतसाताबाट आफ्नो शासनको थालनी गर्नुभएको छ। उहाँका लागि कैयन चुनौतीहरु देखापरेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। खासगरी संकटग्रस्त अर्थतन्त्र पुनर्जीवितगर्ने र क्षेत्रीय तथा आन्तरिक सुरक्षाका चुनौती सामना गर्नुपर्ने भएको छ। सन् २०२४ को घातक विद्रोहपछि अन्तरिम प्रशासनमार्फत सञ्चालन हुँदैआएको शासन व्यवस्थाबाट औपचारिकरुपमा जिम्मेवारी सम्हाल्नुभएका रहमानले गतसाता मंगलबार पदभार ग्रहण गरेपछि मन्त्रिपरिषद् सार्वजनिक गर्नुभएको थियो। गतसाता मंगलबार राति राजपत्रमार्फत जारी सूचीअनुसार ७६ वर्षीय अमिर खसरु महमुद चौधरीलाई वित्त मन्त्रालयको जिम्मेवारी दिइएको छ। पूर्व वाणिज्य मन्त्री तथा अनुभवी सांसद रहनुभएका चौधरी व्यापारी पृष्ठभूमिका व्यक्ति हुनुहुन्छ। महिनौंको राजनीतिक अस्थिरतापछि विश्वको दोश्रो ठूलो गार्मेन्ट निर्यातक राष्ट्रकारुपमा चिनिएको बंगलादेशमा लगानीकर्ताको विश्वास पुन:स्थापितगर्ने दायित्व उहाँलाई सुम्पिएको छ। चौधरीले यसअघि प्रधानमन्त्री रहमानकी स्वर्गीय आमा तथा तीन पटककी प्रधानमन्त्री खालिदा जियाको मन्त्रिपरिषदमा पनि काम गर्नुभएको थियो। तर सन् २००४ मा ताइवानलाई ढाकामा व्यावसायिक कार्यालय खोल्न अनुमति दिएको विषय सार्वजनिक भएपछि उहाँले पद त्याग्नुभएको थियो। सो विषयमा उहाँले हालसम्म सार्वजनिक प्रतिक्रिया दिनुभएको छैन। शेख हशिनाको १५ वर्षे शासनकालमा उहाँलाई बिभिन्न आरोपमा पटक,पटक पक्राउ गरिएको थियो र त्यस समयमा विपक्षी नेतामाथि राजनीतिक उद्देश्यले मुद्धा लगाइने गरेको आरोप लाग्दैआएको थियो। प्रधानमन्त्री रहमानले आफैं रक्षा मन्त्रालय सम्हाल्नुभएको देखिएको छ। वर्षौंदेखि राजनीतिक प्रतिस्पर्धाले ध्रुवीकृत समाजलाई एकताबद्धगर्ने, सुरक्षा व्यवस्थामा सुधार ल्याउने र सीमापार चुनौती सामनागर्ने दायित्व उहाँसामू रहेको छ। भारतसँग सीमा तनाव उच्च अवस्थामा रहेको तथा म्यान्मामा जारी द्वन्द सीमावर्ती क्षेत्रमा




असर गरिरहेको पृष्ठभूमिमा नयाँ सरकार गठन भएको हो। बंगलादेशमा म्यान्माबाट भागेका १० लाखभन्दा बढी रोहिंग्या शरणार्थी आश्रित छन्। विदेश मन्त्रालयको जिम्मेवारी अनुभवी कूटनीतिज्ञ खलीलुर रहमानलाई दिइएको छ। संयुक्त राष्ट्रसंघका पूर्व अधिकारी रहनुभएका उहाँले ढाका र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयबाट अध्ययन गर्नुभएको छ। कार्यवाहक सरकारको समयमा उहाँले सुरक्षा विभाग सम्हाल्नुभएको थियो र संयुक्त राज्य अमेरिकासँग व्यापार वार्तामा सहकार्य गर्नुभएको थियो। छिमेकी भारतसँग सम्बन्धमा देखिएको तिक्तता र पाकिस्तानसँग बढ्दो सम्पर्कबीच क्षेत्रीय सन्तुलन कायम राख्नु उहाँको प्रमुख चुनौती हुनेछ। भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले आफ्ना समकक्षीलाई बधाईदिँदै दुई देशबीच सहयोग अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

मन्त्रिपरिषदमा दिग्गज राजनीतिज्ञ, पूर्वमन्त्री, सांसद, शिक्षाविद् तथा बिभिन्न पार्टी कार्यकर्ता समेटिएका छन्। नयाँ सरकार गठनसँगै अर्थतन्त्र पुनरुत्थान, सामाजिक सद्भाव सुदृढीकरण र क्षेत्रीय सम्बन्ध सन्तुलनमा राख्ने कार्यभार औपचारिकरुपमा अघिबढेको छ। बिबिसीको एक टिप्पणीअनुसार बंगलादेशमा आन्दोलनबाट लामो समयदेखि सत्तामा रहेकी शेख हशिनाको सरकार अपदस्थ भएको १८ महिनापछि भएको निर्वाचनमा विजयी भएका तारिक रहमानले नयाँ प्रधानमन्त्रीको शपथ लिए पनि उहाँका सामू अनेक चुनौतीहरु देखा परेका छन्। उक्त निर्वाचनमा रहमान नेतृत्वको मध्यदक्षिणपन्थी दल बंगलादेश नेशनलिष्ट पार्टी (बीएनपी)ले बहुमत जितेको थियो। ढाकामा भएको समारोहमा नयाँ मन्त्रिमण्डलका सदस्यहरुले पनि शपथ लिएका थिए। गतसाता मंगलवार नै बीएनपीले सर्वसम्मतिले रहमानलाई संसदीय दलको नेतामा चुनेको थियो। उक्त चुनावमा बीएनपी गठबन्धनले २१२ सीटसहित दुईतिहाइ बहुमत हाशिल गरेको थियो। जमात-ए-इस्लामी गठबन्धनले केवल ७७ सिट जितेको थियो। नयाँ प्रधानमन्त्रीमा नियुक्त भएका तारिक रहमान पहिलो पटक औपचारिकरुपमा पार्टीको नेतृत्वमा आउनुभएको हो। उहाँले चुनाव पनि पहिलो पटक लड्नुभएको हो। बीएनपीमा बितेको चार दशकसम्म उहाँकी आमा खालिदा जिया पार्टी अध्यक्ष रहनुभएको थियो। करिव डेढ महिनाअघि आमाको मृत्युभएको थियो। बंगलादेशको स्वतन्त्रता संग्रामका प्रमुख नेता तथा तारिकका पिता जियाउर रहमानको हत्या भएपछि खालिदाले पार्टीको नेतृत्व सम्हाल्नु भएको थियो। खालिदा बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री हुनुहुन्थ्यो। नयाँ सरकारका सामू अर्थतन्त्रलाई उकास्ने तथा शेख हशिनाको पलायनपछि सिर्जना भएको राजनीतिक अस्थिरतालाई स्थिरताको बाटोमा अगाडि बढाउनुपर्ने चुनौती रहेका छन्। शपथग्रहण समारोहमा नेपालसहित भारत, पाकिस्तान तथा अन्य दक्षिण एशियाली देशका नेताहरुको उपस्थिति रहनु अर्थपूर्ण र महत्वपूर्ण मानिएको थियो। नेपालकातर्फबाट शपथग्रहण समारोहमा भाग लिन परराष्ट्रमन्त्री बालानन्द शर्मा ढाका पुग्नुभएको थियोभने उहाँले नयाँ प्रधानमन्त्रिसँग वार्तासमेत गर्नुभएको थियो। बंगलादेशमा नयाँ निर्वाचित सरकार गठन भएलगत्तै सन् २०२४को अगष्ट आन्दोलनपश्चात् गठन भएको अन्तरिम सरकारका प्रमुख मोहम्मद युनुसले राजीनामा दिनुभएको थियो। चुनाव सञ्चालन गराएर सरकारबाट **बाँकी ७ पेजमा**

# नेपालको कम्युनिष्ट आन्दोलनका कार्यभारबारे केही कुरा

**लोकनारायण सुवेदी**



नेपालको कम्युनिष्ट आन्दोलन र राजनीतिका बारेमा हालैका दिनमा बिभिन्न प्रश्नहरु उठेका छन् । तर त्यसका बारेमा छलफल गरेर निष्कर्ष निकाल्ने प्रयासहरु भने भैरहेका छैनन् । आज पनि नेपाली जनताको ठूलो हिस्साले कम्युनिष्ट आन्दोलनलाई समर्थन गर्दछ भन्ने कुरा बिभिन्न तथ्यांकहरुले स्पष्ट गरेका छन् । बिगत लामो समयको कुरालाई परै छाडेर वर्तमान स्थितिलाई त्यसमा पनि खाशगरी ०६२/६३ को आन्दोलन पछिको स्थितिलाई हेर्ने र केलाउने होभने मात्रै पनि उपरोक्त कुरा स्पष्ट हुन्छ । तर नेपाली जनताको ठूलो समर्थन पाएको यो कम्युनिष्ट आन्दोलन आज अनेक बिकृति र बिसंगतिले अत्यन्तै आक्रान्त छ । जसलेगर्दा यस आन्दोलनप्रतिको जनताको समर्थन गुम्ने र जनताको यो आन्दोलनले सही दिशा र गति प्राप्तगर्न नसक्ने गम्भीर खतरा पैदा हुँदैगएको छ ।

फलत: यस आन्दोलनले नेपाली जनता र राष्ट्रको हितमा कामगर्न सक्ने हो कि होइन भन्ने आज ठूलो सन्देह उत्पन्न भएको र गम्भीर प्रश्न पनि खडा भएको छ । कम्युनिष्ट आन्दोलनको आधारभूत ध्येय भनेको जनता र राष्ट्रले भोगिरहेका शोषण उत्पीडनका तत्कालीन र दीर्घकालीन तमाम समस्यालाई हलगर्ने दिशामा यो आन्दोनलाई सुस्पष्ट र दृढरुपमा खडागर्नु हो । त्यसको निमित्त यो आन्दोलन हाक्ने कम्युनिष्ट नेता तथा कार्यकर्ताहरु बैचारिक, सैद्धान्तिक र नीतिगत किसिमले प्रष्ट दृष्टिकोण बनाएर तदनुरुप अघि बढ्न तयार हुनुपर्दछ । आजको विश्वको बदिलदो परिबेश खाशगरी बिश्वमा बिज्ञान र प्रविधिको क्षेत्रमा आएको र दिनानुदिन आइरहेको क्रान्तिकारी परिवर्तन र त्यसले ल्याउने सामाजिक चेतना तथा जीवन प्रकृयामा आउने परिवर्तनलाई राम्ररी आत्मसात गर्न यो आन्दोलनले सक्नु र सिक्नुपर्दछ । त्यसका लागि जनता र राष्ट्रका समस्या हल गर्ने अहिलेसम्मको सबैभन्दा बिकसित बैज्ञानिक सामाजिक सिद्धान्त अर्थात मार्क्सवादकोआधारभूत ज्ञानको गहिरो र सघन अध्ययन तथा त्यस आधारमा अर्थ-सामाजिक-राजनीतिक स्थितिको बिश्लेषण र सश्लेषणगर्ने र सही निचोड निकालेर अघि बढ्ने क्षमता, दक्षता र निपुणता हाशिलगर्न सक्नुपर्दछ । यसको अभावमा केवल हुल हाल जम्मा गरेर जाल फेलका आधारमा नेतागिरीगर्ने र त्यसलाई कम्युनिष्ट आन्दोलनको संज्ञा दिने र खोल ओढाउने कार्यले यस आन्दोलनको धेय र उदेश्य कदापि पूरा हुन सक्तैन । अरुको कुरा छोडेर हाम्रै देशको स्थितिले पनि यो यथार्थ औंल्याइरहेको छ ।

वास्तवमा कम्युनिष्ट आन्दोलन जनतालाई जगाउने, संगठितरुपमा उठाउने र उनीहरुका युगौंदेखिका दुख कष्टवाट मुक्त गरेर उनीहरुलाई नै अघिबढाउने एउटा उच्च मानवीय, नैतिकतायुक्त र अग्रगामी आन्दोलन हो । यसले जनता र देशले भोगिरहनु परेका समस्याहरुको पहिचान गराउँदछ र तिनको परिवर्तनको बाटो औंल्याउँदै तिनवाट मुक्ति पाउने आन्दोलनकारी ऊर्जा,उत्साह र शक्ति निर्माण गर्नुपर्ने आवश्यकताको बोध गराउँदछ ।

त्यसैले यस आन्दोलनले समाज परिवर्तनको नियम - बर्ग संघर्ष, उत्पादन संघर्ष र बैज्ञानिक प्रयोगको शतत ज्ञान शोषण उत्पीडनमा परेका जन समुदायलाई अनिवार्यरुपमा हरहमेशा दिइनु पर्ने कुरामा सदा सर्बदा जोड दिन्छ । समाज परिवर्तनको मूख्य इन्जिन (प्राइम इन्जिन) वर्ग संघर्ष हो किन भनिएको हो भन्ने कुराको आधारभूत र गम्भीर ज्ञान कम्युनिष्ट नेता कार्यकर्तामा अनिवार्यरुपमा हुनु पर्दछ भन्ने कुरा यसले निरन्तर औंल्याइरहेको र दर्शाइरहेको हुन्छ र हुनुपर्दछ । समाज र प्रकृतिका तमाम विकास र परिवर्तनहरु त्यस समाज र प्रकृति भित्रका अधिशासित नियम (गभर्निङ ल अफ सोसाइटी एण्ड नेचर) अनुसार परिचालित हुन्छन् । ती कसैको मनोगत इच्छा आक्यांक्षा र कर बल या जोर जबजस्तीले हुने कुरा होइनन् । त्यसैले आफुलाई कम्युनिष्ट नेता तथा कार्यकर्ताकोरुपमा प्रस्तुतगर्न चाहने कसैले पनि समाज परिवर्तनका यी आधारभूत कुरालाई राम्रोसँग बुझ्न, व्याख्या र बिश्लेषण गर्न सिक्नु र सक्नु पर्दछ । त्यसैअनुसार समाज कुन चरण या उपचरणबाट किन गुज्रिरहेको छ भन्ने कुरा खुट्याउन सक्नु पर्दछ र अन्तरबिरोधको पहिचान र परिचालन गर्न सक्ने प्रवीणता हाशिलगर्न सक्नु पर्दछ । मार्क्सवादी द्वन्दात्मक भौतिकवादी बिश्व दृष्टिकोणले 'बिपरीत तत्वको एकता र संघर्ष' कसरी हुन्छभन्ने कुरालाई अघि सार्दछ, परिवर्तनले 'मात्रात्मकबाट गुणात्मक स्थितिमा फड्को मार्ने' कुरा कसरी हुन्छ भन्ने परिवर्तनको नियमलाई स्पष्ट पार्दछ र कसरी परिवर्तनको प्रकृयामा 'निषेधको निषेधको नियम'(ल अफ नेगेसन अफ नेगेसन) लागु हुन्छ भन्ने अत्यन्तै महत्वपूर्ण कुरालाई आत्मसात गर्नुपर्ने आवश्यकताको बोध गराउँदछ । परिवर्त र परिवर्तनको प्रकृयाका यी आधारभूत र महत्वपूर्ण कुरा नबुझी नबुझाई कोही पनि कम्युनिष्ट हुन सक्तैन र कसैलाई पनि कम्युनिष्ट नेता कार्यकर्ता बनाउन पनि सकिदैन । तर यति अध्ययनले मात्र पनि पुग्दैन । परिवर्तनका यी आधारभूत नियमलाई सामाजिक व्यवहारमा कार्यान्वयनगर्न सदा तत्पर र क्रियाशील हुनु अफ बढी कम्युनिष्ट आन्दोलनका अभियन्ताका लागि आवश्यक छ । यसले देश र जनताले भोगिरहेका समस्याहरुको गहिरो ज्ञान र ती समस्यावाट वाहिर निस्कने उपायहरुको निमित्त सघर्षको सही बाटो अख्तियारगर्न सक्नुपर्दछभन्ने यथार्थलाई औंल्याउँदछ । वर्ग संघर्षलाई सही किसिमले नबुभ्ने, नबुझाउने र सर्वहारा बर्गको अधिनायकत्व किन आवश्यक छभन्ने कुराको सही अर्थमा बोध नगर्ने कुनै पनि नेता कार्यकर्ता जुनसुकै र जतिसुकै ठूलो पदमा बसेर कम्युनिष्टको बिल्ला लगाए पनि र जतिसुकै कम्युनिष्टको रामनामी जपे पनि कीमार्थ कम्युनिष्ट हुन सक्तैन । किनभने कम्युनिष्ट बन्नु भनेको एउटा असल आचरण, चिन्तन, चरित्रको अर्को नाम त हुँदै हो, त्यसमा पनि कम्युनिष्टले सबै किसिमका अन्धबिश्वास, कुरीति, पाखण्ड, रहस्य र तिलस्मी किसिमका सबै अवैज्ञानिक कुराहरुको सदा सर्बदा पर्दाफास गरिरहनु पर्दछ ।

त्यो व्यवहारले देखाइरहनु पर्दछ । त्यसो नगरीकन शोषण र अन्यायको बिरुद्ध कम्युनिष्ट आन्दोलन साँच्यो अर्थमा खडा हुन पनि सक्तैन र त्यसले जनताको बिश्वास जित्न पनि सक्तैन । चुनाव मात्र जित्ने कम्युनिष्टको धेयहुँदा पनि होइन । यद्यपि त्यसलाई पनि त्यसका सीमा र सामर्थ्यहरुलाई बुझेर उच्च परिवर्तनका लागि जन चेतना जगाउन र जनतालाई अघि बढाउने आन्दोलनकारुपमा एउटा संघर्षको थलो या मञ्चकोरुपमा लिन सकिन्छ र लिनु पनि पर्दछ । यी तमाम कुराले प्रष्ट पार्दछन् कि कम्युनिष्ट हुन र रहिरहन सहज र सरल कुरा छैन ।

तर समाज र संसारका अगाडि साच्चै नै असल मान्छे बन्ने हो भने कम्युनिष्ट हुने बाटोमा अग्रसर हुनै पर्दछ भन्ने कुरा पनि त्यत्तिकै सत्य हो । किनभने कम्युनिष्ट आन्दोलनले शोषणयुक्त समाजबाट अगाडि बढेर बिद्यमान समाजलाई शोषणमुक्त समाज बनाउने बाटो अख्तियार गरेको छ र त्यसै गर्नु पर्दछ भन्ने कुरामै यो आन्दोलन केन्द्रित छ, हुनुपर्दछ । यो आन्दोलन कुनै ब्यक्ति बिशेषको या समूह बिशेषको पद, पैसा, प्रतिष्ठाका लागि नभएर बर्गीय शोषण र सामाजिक उत्पीडनबाट मुक्ति र सबै शोषित उत्पीडित जनसमुदायको शतत प्रगतिको बाटोमा रहेका बिघ्न बाधाहरुलाई सदा सदाका निमित्त समाप्त पार्ने र निरन्तर पञ्छाउँदै जाने आन्दोलन हो । प्रष्ट छ, कम्युनिष्ट आन्दोलन कुनै रहर या बाध्यताको आन्दोलन नभएर समाज बिकास र प्रगतिलाई सही दिशा र गति दिने एउटा अनिवार्य र अपरिहार्य आवश्यकता हो । त्यसैले यसले तमाम मजदुर, किसान, महिला, युवा-बिद्यार्थी, राष्ट्रिय पूँजीपति, **बाँकी ७ पेजमा**

# राजनीतिमा ध्वंशलाई जनताले नरुचाएका उदाहारणहरु

काठमाडौं । गतसाता छिमेकी बंगलादेशमा आम निर्वाचन र जनमत संग्रह सम्पन्नभई नयाँ सरकार गठन भएको छ । नेपालको निकट छिमेकी र भारतको एउटा सधियार छिमेकी मुलुक बंगलादेशमा एउटा ठूलो राजनीतिक परिवर्तन आएको मानिदैछ । अहिले त्यहाँ के भनिदैछभने बंगलादेश अन्तत: एउटा स्थिर सरकार हाशिलगर्ने दिशामा अघिवढेको छ । दुइवर्ष अघि सन् २०२४ मा शेख हशिनाको सरकारलाई राष्ट्रिय अन्तर्राष्ट्रिय कारणले सत्ताच्युत गरिएको थियो ।

त्यसपछि हशिनाले भारतमा शरण लिएर अहिलेसम्म आफ्नो प्राण बचाउनभने सकेकी छन् । त्यसपछि बंगलादेशमा पश्चिमापरस्त मोहम्मद यूनूसको नेतृत्वमा अन्तरिम सरकार चलाइयो । त्यस क्रममा भनिन्छ हिन्दूहरुमाथि योजनाबद्ध हिंसा मात्र त्यहाँ चलाइएन भारतका बिरुद्ध पनि त्यहाँका उच्च ओहोदाधारीहरुले कतिपय बयान बाजीगर्दै रहे । यसका अतिरिक्त अर्कोतिर बंगलादेशले पाकिस्तानसँग पनि निकट सम्बन्धको हात बढायो । जुन पाकिस्तानवाट बंगलादेश उसको अत्याचार र शोषणका बिरुद्ध लडेर अलग भएको थिया । यद्यपि त्यसमा भारतको पनि बरद हात रहेको थियो भन्ने कुरा बिर्सन मिल्दैन । अन्तरिम यूनूस सरकारमाथि चुनाव गराउनु पर्ने दबाव बढिरहेकै थियो । यसै क्रममा उनले सन् २०२६ को फेब्रुअरी १२ का दिन बंगलादेशमा निर्वाचन गराए । त्यस चुनावमा शेख हशिनाको पार्टी आवामी लीगलाईभने निर्वाचनमा भाग लिन दिइएन । शेख हशिनाले भारत निर्वासबाट यस चुनावलाई ध्वस्तगर्ने माग पनि गरेकी थिइन् तर यतिबेला के निर्धाण भइसकेको छ भने तारिक रहमान बंगलादेशको शासनको कमान सम्हाल्न थालेका छन् । हुन त बितेको ३५ बर्षमा कहिले शेख हशिना त कहिले खालिदा जिया दुइजना बेगमहरुले बंगलादेशमा सत्ता सम्हाल्दै आएका हुन् । तर अब के लाग्दैछभने यो दुइ बेगमको शासन सत्ताबाट अब बंगलादेश बिमुख हुनथालेको र त्यो इतिहासमा सीमित हुने स्थिति बनेको छ । यतिबेला केही महिना पहिला देहावसान भएकी बंगलादेशकी नेत्री खालिदा जियाका पुत्र तारिक रहमानले देशको बागडोर हातमा लिएका छन् । उनले यसै फेब्रुअरीको तेश्रो सातामा बंगलादेशको प्रधानमन्त्रीको पद भार ग्रहणगर्दै र सपथ लिदैछन् । त्यस सपथका दिन उनले सार्क राष्ट्रका नेताहरुलाई पनि निमन्त्रणा गरेका छन् ।

यसमा पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफ पनि बंगलादेश पुग्दैछन् । प्रष्टै छ पाकिस्तानमा पनि सार्क राष्ट्रको सदस्य हो नै । तर भारतका प्रधानमन्त्री मोदी यो निमन्त्रणामा जालान नजालान् स्पष्ट भएको छैन । तर उनले तारिक रहमानसँग फोनमाभने कुरा गरिसकेको बताइएको छ । उनले सामाजिक सञ्जालमार्फत रहमानलाई बधाई भने दिइसके छन् । रहमानले पनि भारतसँग राम्रो सम्बन्ध कायम गर्ने बताइसकेका छन् । तर के यस्तो इच्छा जनाएर मात्र दुइ देशका बीचको उल्फिएको सम्बन्ध कहाँ राम्रो हुन्छ र ? यस बारेमा बदलिदो बिश्व परिवेश र दक्षिण एशियाको बदलिदो स्थितिलाई पनि हेर्नु र केलाउनु पर्ने हुन्छ । नव निर्वाचित प्रधानमन्त्री तारिक रहमानले अमेरिकाले ट्रम्पको चुनावको बेला अमेरिका पहिलोभन्ने नारा लगाएजस्तै बंगलादेश पहिलो भन्ने नारा लगाएका छन् ।

यस्तो फेशन जस्तैगरी राष्ट्रवादी नारा अन्यत्रको चुनावहरुमा पनि लगाइने र सुनिने गर्दै आएको छ । निश्चय पनि हरेक देशका नेताले आफ्नो देशलाई सर्वोपरि राख्ने गर्दछन् । तर यो पहिलो त्यो पहिला या फर्स्ट भन्ने कुरा एउटा मौखिक कुरा बाहेक केही साबित हुने गर्दैन या हुन सकिरहेको छैन । रहमानले जे भने पनि उनले भारत, चीन र पाकिस्तानसँग समान दूरी राख्न चाहेको बिश्लेषकहरु बताउँदछन् । पहिला त उनले भनेका थिए कि 'न दिल्ली, न रावल पिण्डी' 'बंगलादेश फर्स्ट' । तर अब मतदानमा बिजय हाशिल गरेपछि आफ्नो पहिलो प्रेस सम्मेलनमा तारिक रहमानले भनेका छन्कि उनको सरकारको बिदेश नीति बंगलादेश तथा त्यो देशका जनताको हित अनुकूल उनीहरुकै आधारमा कायम रहनेछ । कुनै देश केन्द्रित नीति हुने छैन । उनले भने कि "चीन बिकासको सम्बन्धमा राम्रो मित्र'हो । तर यदि कुनै कुरा बंगलादेशको हितमा रहेको छैनभने त्यसलाई मानिने छैन ।

उनले अफ प्रष्टपार्दै भनेका छन् कि बेल्ट एण्ड रोड इनिशिएटिभलाई हेरिने छ के त्यो बंगलादेशको अर्थव्यवस्थाका लागि उपयुक्त छ' । उनले पूर्व प्रधानमन्त्री शेख हशिनाको प्रत्यर्पण होलाभन्ने प्रश्नमा यो कानुनी प्रकृयामा निर्भर गर्दछ भन्ने जवाफ दिए । त्यस आवामी लीग पार्टीका समर्थकहरुमाथि बिभिन्न मुद्धा लगाउने र हैरान पार्ने सम्बन्धमा प्रश्नगर्दा नव नियुक्त प्रधानमन्त्रीले कुरा अन्यत्र मोड्दै कानुनको राज चल्ने उत्तर दिएका थए पनि उनले सबै राजनीतिक दलहरुसँग एकताको अपिलगर्दै राष्ट्र निर्माणमा सबैको सहयोग आवश्यक रहेको बताएका छन् । यद्यपि उनले चुनाव पछि कसैलाई बदला लिइने या हिंसा थोपर्ने काम हुने छैन भनेका छन् । उनले आफ्नो बंगलादेश नेशनल पार्टीका कार्यकर्ताहरुलाई शान्ति कायम राख्न र बिजय जुलुश ननिकाल्न निर्देशन दिएका छन् । बंगलादेशको संसदका ३०० सीट मध्ये बीएनपीले २०९ सीटमा बिजय प्राप्त गरेको छ । अर्को जमात-ए-इस्लामी पार्टीले ६८ सीटमा बिजय **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## भाषा र साहित्यको विकासका लागि लगानीको आवश्यकता

काठमाडौं । भाषा र साहित्यको विकासका लागि लगानीको आवश्यकताबारे चर्चा हुन थालेको छ । यसैक्रममा मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारले मैथिली भाषा र साहित्यको विकासका लागि अगामी दिनमा थप लगानीगर्ने बताउनुभएको छ । जनकपुरधाम साहित्य, कला तथा अन्तराष्ट्रिय नाट्य महोत्सव-०८२ को जनकपुरधाममा उद्घाटनगर्दै उहाँले मैथिली भाषा, साहित्य तथा संस्कृतिको विकासका लागि यस्ता प्रकारका महोत्सव महत्वपूर्ण भएको बताउनुभएको हो । उहाँले मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषालाई कामकाजी भाषा बनाउनेतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभएको थियो । मैथिली विकास कोषको आयोजना तथा मधेश प्रदेश सरकारको शिक्षा र संस्कृति मन्त्रालय, जनकपुरधाम उपमहानगरपालिका, राजर्षिजनक विश्व विद्यालयको सहितको निकायको सहआयोजनामा महोत्सव शुरु भएको छ । मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले मैथिली भाषा तथा साहित्य र कलाको विकासका लागि यस्ता प्रकारका महोत्सव महत्वपूर्ण भएको बताउनुभएको थियो । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले मैथिली भाषा, साहित्य तथा संस्कृतिको विकासका लागि उपमहानगरपालिका निरन्तररुपमा काम गरिरहेको बताउनुभएको थियो । कार्यक्रममा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पट्टेल, प्रदेश सभासदस्य रामसरोज यादव, वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल सहितका वक्ताहरुले धारणा राख्नुभएको थियो ।

उक्त अन्तरराष्ट्रिय नाट्य महोत्सवमा नेपाल-भारतका मैथिली भाषा, साहित्य, संस्कृतिका साथै आर्थिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनुभएका विद्वान तथा विदुषी, कालाकारहरुको सहभागिता रहेको थियो । महोत्सव गत आठगतेसम्म सञ्चालन भएको थियो । त्यसैगरी मैथिली विकास कोषको आयोजनामा चार दिवसीय जनकपुरधाम साहित्य, कला तथा अन्तरराष्ट्रिय नाट्य महोत्सव हालै सम्पन्न भएको छ । रंगभूमि मैदानबाट भव्य सांस्कृतिक झाँकीसहित महोत्सवको औपचारिक उद्घाटन गरिएको थियो । उद्घाटनका अवसरमा निकालिएको शोभायात्रा रंगभूमि मैदानबाट शुरुभई नगर परिक्रमागर्दै विभिन्न सांस्कृतिक प्रस्तुति र लोकझाँकीसहित सम्पन्न भएको थियो । मैथिली भेशभूषामा सजिएका कलाकार, स्थानीय समुदायका प्रतिनिधि, विद्यार्थी तथा सर्वसाधारणको उल्लेख्य सहभागिताले जनकपुरधामको मुख्य सडक क्षेत्र उत्सवमय बनेको देखिन्थ्यो । कोषका अध्यक्ष जीवनाथ चौधरीकाअनुसार महोत्सवले जनकपुरधामको बहुआयामिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने लक्ष्य लिएको भनिएको थियो । उहाँले विभिन्न जातजाति र समुदायका सांस्कृतिक झल्को प्रस्तुत गरी हाम्रो मौलिक पहिचानलाई सशक्त बनाउने प्रयास गरेका छौं भन्नुभएको थियो । गत शुक्रबारसम्म सञ्चालन भएको महोत्सवअन्तर्गत साहित्यिक गोष्ठी, कविताबाचन, पुस्तक विमोचन, चित्रकला प्रदर्शनी, नाटक मञ्चन तथा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिएका थिए । आयोजकका अनुसार कार्यक्रममा स्थानीयदेखि राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका कलाकार, साहित्यकार र रंगकर्मीहरुको सहभागिता रहेको थियो । महोत्सवको पहिलो दिन आयोजित सांस्कृतिक झाँकीमा नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिको समेत सहभागिता रहेको थियो । मैथिली वेशभूषामा सजिएर शोभायात्रामा सहभागी भएका उहाँले महोत्सवको सफलताको कामनागर्दै मैथिली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनमा कोषले खेलेको भूमिकाको खुलेर प्रशंसा गर्नुभएको थियो । उहाँले यस्ता कार्यक्रमले सांस्कृतिक एकता र सामाजिक सद्भाव सुदृढगर्ने विश्वास व्यक्त गर्नुभएको थियो । विगत वर्षहरुको अनुभवलाई समेट्दै यस पटक कार्यक्रमलाई अफ व्यवस्थित, फराकिलो र अन्तरराष्ट्रिय सहभागितामुखी बनाइएको कोषले जनाएको छ । जनकपुरधामको सांस्कृतिक धरोहर, धार्मिक महत्व र ऐतिहासिक पृष्ठभूमिलाई साहित्य र नाट्य माध्यमबाट विश्वसामु प्रस्तुतगर्ने उद्देश्यसहित महोत्सव आयोजना गरिएको भनिउको थियो । महोत्सव सफल बनाउन आयोजकले सम्पूर्ण साहित्यप्रेमी, कलाकार, बुद्धिजीवी तथा सर्वसाधारणलाई सक्रिय सहभागिताका लागि आग्रह गरेको थियो ।

## चलचित्रको कमाईबारे लेखाजोखा

काठमाडौं । चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रको चलचित्र विकास बोर्डले व्यावसायिक विवरण सार्वजनिक गरेको छ । बोर्डअन्तर्गत रहेको सिनेपा २ बक्सअफिसले प्रदर्शनरत नेपाली चलचित्रको गएको गत दुईगतेसम्मको कारोबारसम्बन्धी विवरण गतसाता सार्वजनिक गरेको हो । गत माघ १६ गतेदेखि प्रदर्शन भएको चलचित्र आबाट आमाले चारकरोड ८० लाख ९० हजार ४८७ कमाई गरेको छ । मनोरञ्जनसँगै देश परिवर्तनको विषयलाई उठान गरेको उक्त चलचित्रका लागि कूल एक लाख ७६ हजार ५५२ टिकट बिक्रीभएका छन् । उक्त चलचित्रको कथा अधिकांश नेपालीको जीवनसँग जोडिएको अभिनेता पल शाहले बताउनुभएको छ । उहाँले मैले आफ्नो भूमिकाका विषयमा धेरै खुलाउन मिल्दैन किनकि त्यसले कथा बाहिरिने डर हुन्छ । तर, चलचित्रमा मैले चाहेको जस्तो भूमिका निर्वाह गर्ने मौका पाएको छु त्यसैले मैले सक्दो मेहनत गरेको छु । यो चलचित्रको कथा हाम्रो परिवार र गाउँ समाजकै हो । चलचित्र हेर्नगएका दर्शकले नै अन्यलाई हेर्न सिफारिस गर्नुहुनेछ भन्ने मेरो विश्वास छ भन्नुभएको छ ।

उक्त चलचित्रमा अभिनेता शाहसँगै विपना थापा, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित विष्ट, बेगम नेपालीलगायत कलाकारले अभिनय गर्नुभएको छ । चन्द्र पन्तले निर्देशन गर्नुभएको उक्त चलचित्रमा अभिमन्यु निरबीले संवाद लेखन, गम्भीर विष्टले नृत्य निर्देशन र कोसिस क्षेत्री, बाबुल गिरि र धानेश्वर गौतमले संगीत सिर्जना गर्नुभएको छ । गत माघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र 'कुमारी' ले ५६ लाख २११ कमाई गरेको छ । दिनेश राउतको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल १७ हजार २५ टिकट बिक्री भएका छन् । अविशेक खड्का र आकृतिराज भण्डारीलगायतको अभिनय रहेको चलचित्रले अपेक्षाकृत व्यापार गर्न सकेन । जेनजी पुस्ताको प्रेम कथा भनिएको चलचित्रले दर्शक समीक्षा राम्रो पाउन नसक्दा त्यसको असर व्यापारमा परेको देखिएको छ । गत माघ २३ गतेदेखि प्रदर्शन भएको चलचित्र रमिताको पिरती ले १९ लाख ४३ हजार ५८८ कमाई गरेको देखिएको छ । सुदीप्ता अधिकारीको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल पाँचहजार ९३७ टिकट बिक्री भएका छन् । आना शर्मा, धिरज मगर, विनय श्रेष्ठ, समिर श्रेष्ठलगायतका कलाकारको अभिनय रहेको उक्त चलचित्रले दर्शक समीक्षा राम्रो प्राप्त गरेता पनि व्यापार भने राम्रो गर्नसकेको छैन । गत माघ २३ गते प्रदर्शन भएका दुवै चलचित्रको व्यापार निकै न्यूनभएको छ ।

# सार्बजनिक यातायातमा सर्बसाधारणको पहुँच

**अनुसा थापा**

## आर्थिक मञ्च

सार्बजनिक यातायातमा सर्ब साधारणको पहुँचको बिषयमा धैरै बहस हुने गर्दछ। तर सरकारले सर्बसाधारणको सुबिधातर्फ खासै ध्यान दिएको पाइँदैन। सार्वजनिक यातायात सर्वसाधारणको आवश्यकता हो। दैनिक करोडौंले सार्वजनिक यातायात चढ्छन्। आफ्नो निजी सवारी साधन नभएकाहरु सार्वजनिक यातायातमै कार्यालय, अस्पताललगायत आफ्नो गन्तव्यमा पुगिरहेका हुन्छन्। एउटै व्यक्ति दिनमै दुई पटक वा सोभन्दा बढीचोटि सार्वजनिक यातायातमा यात्रा गर्छन्। सरकारले एकदेखि पाँच किलोमिटरसम्म १९ रुपैयाँ भाडा तोकेको छ। तर, चढ्ने बित्तिकै २५ रुपैयाँ सह चालकले लिन्छन्। पाँच किलोमिटर चढ्दा त भाडादरको दोब्बर हुन्छ। लामो रुटमा चल्ने सवारी साधनको भाडा ५०० रुपैयाँ तोकेकोमा यातायात व्यवसायीले आठ सय रुपैयाँ असुल्छन्। त्यसमा ४० प्रतिशत बढी भाडा जोडेर सुपर डिलक्स र डिलक्सको नाममा उठाइन्छ। सरकारले नै छुटको व्यवस्था गरिदिएको बिद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्ता भएकालाई यातायात व्यवसायीले छुट दिँदैनन्।

एअरपोर्टमा चल्ने हरियो प्लेटको ट्याक्सीमा मीटर छैन। ती ट्याक्सीले एक किलोमिटरमै पाँच हजार रुपैयाँसम्म माग्छन्। हरियो प्लेटको ट्याक्सीबाट स्वदेशी र विदेशी दुवै ठगिइरहेका छन्। कालो प्लेटको ट्याक्सीको भाडा प्रतिकिलोमिटर ५० रुपैयाँ रहेको छ। त्यसैगरी, फ्ल्याकडाउनवापत ५० रुपैयाँ तोकिएको छ। तर, ट्याक्सी चालकले मनोमानी भाडा उठाइरहेका छन्। एक किलोमिटरमै मान्छे हेरेर पाँच सयदेखि हजार रुपैयाँ माग्छन्। लामो समयदेखि कालो र हरियो प्लेटको ट्याक्सी, फो-स्टक टेम्पो, कालीमाटीमा चल्ने ढुवानी गाडीको दर्ता बन्द छ। २० वर्ष पुराना ट्याक्सी, ग्याँस टेम्पो, माइक्रोबसको स्क्र्याप गरेको नम्बर प्लेट अहिले लाखौंमा खरिदबिक्रि भइरहेको छ। त्यो स्क्र्याप नम्बर प्लेटमा कसैले बिद्युतीय ट्याक्सी त कसैले माइक्रोबस खरिद गरेर दर्ता गरिरहेका छन्। कानुन भन्छः टिकट नदिईकन पैसा लिन पाइँदैन। तर, यातायात व्यवसायीले टिकट दिँदैनन्, पैसाचाँहि लिन्छन्। सरकारले तोकेकोभन्दा बढी भाडा उठाएर दैनिक १८ करोड रुपैयाँ ठगी गर्छन्। रोड दुईदेखि १५ लाख रुपैयाँमा खरिदबिक्रि गरिन्छ। ०३२ सालदेखि हालसम्म सट्टापट्टाकै क्रम चलिरहेको छ। २० वर्ष फाल्ने, त्यसको स्क्रयाप गरेको नम्बर प्लेटमा अर्को गाडी दर्ता गर्ने। यातायात क्षेत्रमा सिण्डिकेटको जालो छ। त्यो हटाउने कसले ? उपत्यका र बाहिरी जिल्लामा २३ देखि ३३ वर्ष पुराना यात्रुवाहक सवारी साधन धुँवाको मुस्लो फालेर सञ्चालन भइरहेको छ। विडम्बना, ट्राफिक प्रहरीले देख्दैनन्। न कागजपत्र नै चेकजाँच हुन्छ। सहचालक-चालकले मापसे गरेर सवारी साधन चलाउँछन्। उनीहरुले गाडी चलाउँदै गर्दा यात्रुकै अगाडि गुट्खा, चुरोटलगायतका सूर्तीजन्य पदार्थको सेवन गर्छन्। जसका कारण यात्रुहरु समस्यामा पर्नेगरेका छन्।

सार्वजनिक यातायातमा निकै सास्तीपूर्ण यात्रा गर्नुपर्ने बाध्यता यात्रुलाई छ। सवारी साधनमा अनुगमन गर्ने दायित्व ट्राफिक प्रहरीको हो। तर, ट्राफिकले अनुगमन नै गर्दैन। कतै कागजात पेश गरेको देखिँदैन। ट्राफिक प्रहरीको काम त जता घाम लाग्यो, त्यता उभिने, चटपटे खानेमै सीमित भयो। जसरी हुन्छ, आफ्नो ड्युटी आवर सकाउने काम मात्रै भइरहेको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले २० वर्षे सवारी साधनमाथि कारबाहीका लागि ट्राफिक प्रहरीलाई कडा निर्देशन दिन आवश्यक देखिएको छ। यातायात व्यवसायीहरुले थोत्रा गाडी चलाएर यात्रुको अकालमा ज्यान लिइरहेका छन्। तर, सरकार गम्भीर भएको देखिँदैन। न गृहमन्त्रीले निर्देशन दिन्छन् न ट्राफिक प्रहरीले काम गर्छ। यातायात व्यवसायीहरुले तीन हजार रुपैयाँ दिएर जाँचपास र धुँवापास गरिरहेका छन्। गाडी यातायात कार्यालयमै नलगिकन जाँचपास र धुँवापास गर्ने काम भइरहेको छ। यातायात व्यवसायीलाई थोत्रा गाडी चलाएर कमाउनुछ, यातायातका कर्मचारीलाई घुस खानुछ। त्यस्ता गाडीमा अनुगमन गरेर ट्राफिक प्रहरी कारबाही गर्दैनन्। जम्बो हायस, माइक्रोबस, टाटा सुमोलगायतका गाडीको रुट परमिट नै छैन। पटके काटेर यात्रु बोक्ने क्रम चलिरहेको छ। जसले गर्दा राज्यलाई ठूलो नोक्सानी भइरहेको छ। सुशासनका लागि बनेको सरकारको प्रधानमन्त्री सुशीला कार्की छिन्। तर, हरेक क्षेत्रमा कुशासन छ। नाम सुशासनको, काम जताततै कुशासनको। कालीमाटी तरकारी तथा फलफूल बजारमा ०४३ सालदेखि ढुवानी गाडीको दर्ता बन्द छ। त्यहाँ जम्मा १०७ वटा ढुवानी भ्यान छ। विदेशी-स्वदेशी नागरिक नेपाल आउँदा सर्वप्रथम पाइला टेक्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जम्मा २०७ वटा हरियो प्लेटको ट्याक्सी छ। त्यहाँ ०५० सालदेखि दर्ता बन्द छ। कालो प्लेटको ट्याक्सीको दर्ता बन्द भएको जुग बितिसक्यो। ०५७ जेठ १७ गतेदेखि दर्ता बन्द भएकोमा जम्मा ९ हजार ट्याक्सी छ। लगभग करोडको बसोबास गरेको उपत्यकामा जग्गा ९ हजार ट्याक्सी चल्छ। फो-स्टक टेम्पो, कालो प्लेटको माइक्रोबसको त दर्ता नै खोलेको छैन। देशमा लोकतन्त्र गणतन्त्र आयो। आठपटक निर्वाचन भयो।

जनताले मतदान गरेर आफ्नो प्रतिनिधि सदनमा पुर्याए। तर, तिनीहरुले गरेछन्चाँहि के ? एउटा सिण्डिकेट तोड्न नसक्नेले देश बनाउन सक्छ ? यस्तो हावागफ कहिलेसम्म दिइरहने ? हरेक राजनीतिक दल सरकारमा गएको छ। तिनीहरुले जनतालाई देखाउने के काम छ ? केही न केही। जनतालाई सपना देखाउने, सरकारमा जाने अनि आफ्नो भाँडो भर्ने काम मात्र भयो। वास्तवमा भन्ने हो काम कुनैपनि दलले गरेका छैनन्। कानुनले दर्ता भएको मितिले तीन वर्ष पुगेपछि सुपर डिलक्स र डिलक्सको नाममा भाडा लिन नपाइने व्यवस्था गरेको छ। यता, रात्रिकालीन सवारी साधन दर्ता भएको मितिले ६ वर्षपछि नाइट चल्न पाउँदैन। तर, १६-१७ वर्ष पुगेका गाडीहरु राति चलिरहेको छ। सीट भाँच्चिएका, सिसा फुटेका, थोत्रा भइसकेका गाडीहरुले सुपर डिलक्स र डिलक्सको नाममा बढी भाडा जोडेर यात्रुबाट असुलिरहेको छ। अनि सरकार कहाँ छ ? सडकको सरकार भनेको ट्राफिक हो। तर, ट्राफिक प्रहरीले त्यो कुरा बिर्सेजस्तो छन्। उनीहरुलाई सरोकारवाला निकायले सम्झाउनुपर्ने अत्यन्तै आवश्यकता देखिएको छ। नत्र त थोत्रा गाडी गुडाएर यातायात व्यवसायीले यात्रुको ज्यान लिइरहन्छन्। सरकारचाँहि मरेका जनताको टाउको गनिरहन्छ। यदि, सरकार साँच्चैनै सवारी दुर्घटनामा मरेका जनताप्रति गम्भीर थियो भने नयाँ दर्ता खोल्थ्यो। प्रभावकारी रुपमा सवारी अनुगमन गर्थ्यो। एकछिनका लागि गोहीको आँशु झारिन्छ, त्यसपछि फेरि उस्तै। ट्राफिक प्रहरीले काम नगर्ने हो भने उनीहरुलाई जनताले तिरेको कर खुवाएर पाल्नुपर्ने कारण छैन। त्यो पैसा अन्यत्र खर्च गर्दा हुन्छ। आफ्नो दायित्व त निर्वाह गर्नुपर्यो नि। पछिल्लो समय इन्धनको भाउ घटेको घट्यै छ। तर, भाडा घट्दैन। बिद्युतीय गाडीहरु सञ्चालनमा आएका छन्। त्यसको पनि भाडादर निर्धारण भएको छैन। यहाँ त जसले सक्यो, त्यसले लुटिरहेको अवस्था छ। ०७१ भदौ १९ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्षे गाडी विस्थापित गर्ने निर्णय गर्यो। त्यही सालको फागुन १८ गते राजपत्रमा प्रकाशित गरियो। ०७२ चैत १ गतेको क्याबिनेट बैठकले ०७३ फागुन १७ गते बागमती र ०७४ चैत १ गते देशैंभरबाट हटाउने निर्णय गर्यो। ०७७ माघमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २० वर्षे गाडीको सिँधै लगतकट्टा गरेर पत्रुगर्ने निर्णय गर्यो। ०८० साउनको पहिलो साता संघीय र सातै प्रदेशको यातायातमन्त्री सहितको बैठकले २० वर्षे गाडीको लगतकट्टा खारेज गरेर यातायात क्षेत्रमा भएको सिण्डिकेट हटाउने निर्णय गर्यो। बागमती प्रदेश सरकारले ०८० जेठ ७ गते २० वर्षे गाडी ३५ दिनभित्र पत्रुगर्नु भनेर सार्वजनिक सूचना प्रकाशित गर्यो। सूचनाविरुद्ध यातायात व्यवसायी उच्च अदालत, पाटन गए। ०८० कात्तिक १५ गते सरकारको निर्णय सदन गर्ने फैसला उच्चबाट भयो। यातायात व्यवसायीले सर्वोच्चमा पुनरावेदन गरे। सर्वोच्चले ०८१ कात्तिक २३ गते उच्चको फैसला सदर गरिदियो। ०८१ फागुन २६ गते बागमती प्रदेशको यातायात मन्त्रालयले २० वर्षे गाडी समात्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई पत्र लेख्यो। त्यो पत्र आएपछि ट्राफिकले एकैदिन ३५ वटा २० वर्ष कटेका ट्याक्सी समात्यो। ट्याक्सी व्यवसायीले आफैं ट्याक्सी लगेर पत्रु गर्छौं भनेपछि ट्राफिक प्रहरीले कानुनविपरीत छोडिदियो। त्यो ट्याक्सीहरु अहिलेपनि बाटोमा गुडिरहेको छ। यसबाट ट्राफिक र यातायात व्यवसायीको मिलेमतो प्रष्ट हुन्छ। यातायात व्यवसायीसँग सेटिङमा सरकारको निर्णय दराजमा थन्काउन मिल्छ ? २० वर्षे गाडी नहट्दा प्रदूषण बढ्यो, ट्राफिक जाम बढ्यो, दुर्घटना बढ्यो। यसको जिम्मा ट्राफिक प्रमुखले लिने ? यस्ता धैरै प्रश्नहरु रहेका छन्। जसको उत्तर दिने कोही छैन। सरकारले सार्बजनिक यातायातमा सर्बसाधारणको पहुँच बृद्धिगर्नका लागि कतिपय निर्णयहरु गर्नु/गराउनु र त्यसको कार्यान्वयनका ध्यान दिनुपर्ने अवस्था रहेको छ।

## समाचार विविध

### नेपाल र भारतबीच फौजदारी कानूनमा हस्ताक्षर

काठमाडौं,६ फागुन। नेपाल र भारतबीच फौजदारी कानूनी सहायतासम्बन्धी सम्झौता पत्रमा गतसाता हस्ताक्षर भएको थाहा भएको छ। जसले फौजदारी मुद्धाका अभियुक्तहरुलाई एकअर्काको देशमा आदान प्रदान गर्न/गराउन सहज हुने बताइन्छ। उपरोक्त सम्झौतापत्रमा नेपाल सरकारकातर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई र भारत सरकारकातर्फबाट नेपालका लागि महामहिम भारतीय राजदूत नवीन श्रीवास्तवले हस्ताक्षर गर्नुभएको थियो। नेपालको सरकारको मन्त्रिपरिषद् बैठकले गत असोज ३० गते उक्त सम्झौतागर्ने निर्णय गरेअनुसार कानून, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको मन्त्रालयका प्रवक्ता दलबहादुर अधिकारीले जानकारी दिनुभएको छ। सो सम्झौताले फौजदारी मुद्धाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारवाहीकाक्रममा प्रमाण संकलन तथा आदानप्रदानलगायत विषयमा दुवै मुलुकका सक्षम अधिकारीबीच सहयोग आदान-प्रदानगर्न विधिवत् मार्गप्रशस्तगर्ने मन्त्रालयका प्रवक्ता अधिकारीले बताउनुभएको छ। सम्झौताले विधिको शासन सुदृढीकरणगर्न तथा न्याय प्रशासनमा संस्थागत समन्वय अभिवृद्धिगर्न महत्वपूर्ण योगदान पुर्याउने उहाँको भनाइ थियो। उहाँले सम्झौताको कार्यान्वयनसँगै दुवै देशका केन्द्रीय अधिकारीहरुबीच सहकार्य अझ सबल एवं परिणाममुखी हुने अपेक्षा बताउनुभएको थियो। प्रवक्ता अधिकारीले सम्झौताले नेपालमा हुने वित्तीय अपराध न्यूनीकरणगर्न तथा अनुसन्धान, अभियोजन र न्याय निरुपणलाई थप प्रभावकारी बनाउन कोशेढुंगा सावित हुने उल्लेख गर्नुभयो। सो सम्झौताले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानीगर्ने कार्यलाई निवारण गर्नेसम्बन्धी पारस्परिक मूल्याङ्कनमा थप मद्धत पुर्याउने अपेक्षा गरिएको छ।

### भित्तेपात्रो छाप्न पनि स्वीकृति लिनुपर्ने बाध्यता

काठमाडौं,६ फागुन। बिभिन्न स्कूल, क्याम्पस तथा संघसंस्थाहरुले आआफ्नो संस्थाको प्रचार तथा प्रयोजनका लागि भित्तेपात्रो छाप्ने प्रचलन रहेकोमा अबदेखि स्वीकृति लिनुपर्ने बाध्यता सिर्जना गरिएको छ। प्राप्त समाचारअनुसार नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृत नलिई भित्तेपात्रे छापे एकलाखसम्म जरिवाना हुनेभएको छ। समितिले भित्तेपात्रो प्रकाशनगर्दा अनिवार्यरुपमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। समितिले शैक्षिक संस्थाले प्रकाशनगर्ने क्यालेण्डरको स्वीकृतिका लागि दुईहजार रुपैयाँ, निःशुल्क वितरणगर्न प्रकाशन गरिने क्यालेण्डरको स्वीकृतिका लागि पाँचहजार रुपैयाँ र मूल्य राखेर प्रकाशन गरिने क्यालेण्डर स्वीकृतिमा १० हजार रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको छ। समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले कानूनअनुसार समितिबाट स्वीकृति नलिई पात्रो तथा क्यालेण्डर प्रकाशनगर्न नपाइने बताउनुभएको छ। कार्यकारी निर्देशक पन्थीले समितिबाट स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइँदैन, यदी कसैले स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गरे एक लाखसम्म जरिवाना हुन्छ भन्नुभयो। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश-०७७ को दफा ७ (ञ) र (ढ) मा समितिबाट स्वीकृति लिएरमात्रै पात्रो तथा भित्तेपात्रो प्रकाशनगर्न पाइने भन्ने व्यवस्था छ। उक्त समितिको दिग्दर्शनको परिच्छेद १५ मा स्वीकृत नलिइ पात्रो तथा क्यालेण्डर प्रकाशन गरे १० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। कसैले स्वीकृत नलिइ पात्रो वा क्यालेण्डर प्रकाशनगरेको विषयको अनुगमनगर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई तोकिएको छ। कार्यकारी निर्देशक पन्थीले पात्रो र भित्तेपात्रो प्रकाशनगर्ने सबै संस्था, कम्पनी, निकाय वा व्यक्तिलाई अनिवार्यरुपमा स्वीकृति लिनुपर्ने बताउनुभएको छ। बेच्ने प्रयोजनको लागि प्रकाशन गरिएका र निःशुल्क वितरणगर्न लागिएका पात्रो वा भित्तेपात्रो प्रकाशनको लागि अनिवार्यरुपमा स्वीकृति लिनुपर्ने हुन्छ। समितिले भित्तेपात्रो प्रकाशनको स्वीकृतिका लागि शुल्क तयगरेको छ।

### वाणिज्य बैंकमाथि कारवाही गरिन्दै

काठमाडौं। नेपाल राष्ट्रबैंकले वाणिज्य बैंकमाथि कारवाही तीब्र बनाएको छ। त्यसैक्रममा हालैमात्र तीनवटा वाणिज्य बैंकलाई कारवाही गरिएको छ। नेपाल राष्ट्रबैंक ऐन तथा बैंक वित्तीय संस्थाहरुलाई जारीगरिएको एकीकृत निर्देशनविपरीत काम गरेको आरोपमा एनआइसी एशिया बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड कारवाहीमा परेका हुन्। राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा भएको कारवाहीको विवरणमा एनआइसी एशिया बैंक लिमिटेडले यस बैंकबाट जारीगरिएको निर्देशन बारम्बार उल्लंघनगर्दै वित्तीय विवरण प्रकाशनगर्दै आएको र यस बैंकबाट उक्त बैंकलाई जारीगरिएको लिखित आदेशकोसमेत पालना नभएको पाइएकोले उक्त बैंकका तत्कालीन सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवाल र तत्कालीन प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैंक ऐन-०५८ (दोश्रो संशोधन-०७३ सहित) को दफा १०० उपदफा २ (ग) बमोजिम समान दुई लाख नगद जरिवाना गरिएको उल्लेख छ। त्यसैगरी ग्लोबल आइएमई बैंक लिमिटेडको स्थलगत निरीक्षण प्रतिवेदन-०८२ को आधारमा कैफियत देखिएपछि उक्त बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ। ग्लोबल आइएमई बैंकले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को व्यवस्थाअनुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र कर्जाको पुनर्तालिकीकरण तथा पुनरसंरचना सम्बन्धी व्यवस्था पूर्ण रुपमा पालना नगरेका कारण सचेत गराइएको जनाएको छ। बैंकको स्थलगत निरीक्षणका क्रममा कोर बैंकिङ सफ्टवेयरमा चुक्ता भइसकेको कर्जालाई पुरानै भ्यालु डेटमा राखी पुनः सिर्जना गर्नसक्ने अवस्था रहेको पाइएको राष्ट्र बैंकले जनाएको छ। त्यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको विपरीत कर्जाको सुरक्षण नहुने किसिमले कर्जासँग सम्बन्धित कागजातहरुमा ग्राहकको सहीछाप नगराएको तथा सुरक्षणले खामेकोभन्दा बढी कर्जा प्रवाह गरेको जनाइएको छ। एउटै प्रकृतिका कर्जाहरुको ब्याजदर अन्तर दुई प्रतिशत विन्दुभन्दा बढीले कायम गरेको तथा चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन-०७९ को प्रावधानविपरीत त्रयमासको अन्तिम महिनाहरुमा नयाँ अल्पकालीन कर्जाहरु प्रवाह गरेका कारण कारवाही गरिएको राष्ट्र बैंकले जनाएको छ।

## मसालद्वारा नेपालमा बढ्दो विदेशी हस्तक्षेपको बिरोध

काठमाडौं। नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले नेपालमा अमेरिकी प्रभाव बढ्दै गएको भन्दै बिरोध गर्नुभएको छ। अखिल नेपाल प्रगतिशील लेखक संघद्वारा हालै आयोजित गिलासमा भोट हालौं शीर्षकको अडियो गीतको भर्चुअल विमोचन कार्यक्रममा मन्तव्य राख्दै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। उहाँले पहिलेपहिलेका चुनाव नेपालका राजनीतिक पार्टीमाझ हुने गर्दथे। तर अहिलेको परिस्थिति फरक छ। अहिलेको चुनाव देशभक्त नेपाली जनता र अमेरिकी साम्राज्यवादको माझमा हुनगइरहेको छ भन्नुभएको थियो। उहाँले यो चुनावमार्फत अमेरिकी साम्राज्यवादलाई पराजित गर्नुपर्ने दायित्व देशभक्त नेपाली जनतामा आएको पनि बताउनु भएको थियो। डोनाल्ड ट्रम्प पुनः राष्ट्रपतिमा निर्वाचित भएपछि अमेरिकाले विश्वभरिनै आधिपत्य कब्जा जमाउन खोजिरहेको उहाँले बताउनुभएको थियो। नेता सिंहले हामीले देखिरहेका छौं, अमेरिकाले ग्रिनल्यान्ड, क्यानडा, पनामा, गाजापट्टीजस्ता देशमा कब्जा जमाउन खोजिरहेको बताउनु भएको थियो। अमेरिका चीनका विरुद्ध नेपाललाई पनि कब्जागर्ने रणनीतिमा रहेको उहाँले बताउनुभएको थियो। उहाँले बाहिरबाट शक्तिशालीजस्तो देखिए पनि आन्तरिक रुपमा अमेरिका कमजोर बन्दैगएको बताउनुभएको थियो। उहाँले बाहिरबाट अमेरिका बलियोजस्तो देखिए पनि भित्रभित्रै कमजोर हुँदैगइरहेको छ। डेनमार्क, क्यानडा, युरोप, रुस, चीन, इरान, भारतजस्ता साम्राज्यवादी देशहरु नै अमेरिका विरुद्ध उभिएका छन् भन्नुभयो। महामन्त्री सिंहले विश्वका शान्तिप्रेमी जनताको बलबाट अमेरिकी साम्राज्यवादलाई पराजितगर्न सकिने धारणा राख्नुभएको थियो। फरक प्रशंगमा उहाँले नेपालमा भ्रष्टाचार गम्भीर समस्याकारुपमा रहेको बताउनुभएको थियो।

## साहित्यकार तथा पत्रकार आचार्य सम्मानित

काठमाडौं। पर्साको बीरगञ्जमा बिहारीलाल लाठ कर्मवीर सम्मान'बाट साहित्यकार तथा पत्रकार मुकुन्द आचार्य सम्मानित हुनुभएको छ। रिलिफ सोसाइटी अफ कमर्सले संस्थाका संस्थापक महासचिव तथा पूर्व अध्यक्ष स्वर्गीय बिहारीलाल लाठको १४औं पुण्यतिथिका अवसरमा आयोजित कार्यक्रममा आचार्यलाई दोसल्ला ओढाई सम्मानपत्रसहित सम्मान गरिएको हो। साहित्यकार आचार्य विगत पाँच दशकदेखि नेपाली भाषा तथा साहित्य, भोजपुरी भाषा-साहित्य, शिक्षण र पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्छ। मधेश विश्व बिद्यालयका उपकूलपति डा दीपक शाक्य, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम तथा संस्थाका अध्यक्ष योगेन्द्रप्रसाद यादवलगायतले संयुक्तरुपमा आचार्यलाई सम्मान गर्नुभएको थियो। सोही अवसरमा समाजका बिभिन्न क्षेत्रमा योगदान पुर्याउने जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख अनामिका रौनियार, योग प्रशिक्षक रामप्रसाद पण्डित, पाइलट सौरभ रौनियार, उद्यमी दिप्ती धुरका र शिक्षिका डा नेहा अग्रवाललाई पनि सम्मानपत्रले सम्मान गरिएको थियो। संस्थाका सल्लाहकार गणेशप्रसाद लाठले समाजमा उल्लेखनीय कामगर्दै आएका व्यक्तित्वलाई सम्मानगर्ने परम्पराको शुरुवात गरेको बताउनुभएको थियो। उपकूलपति शाक्यले समाज निःस्वार्थ रुपमा योगदान गर्ने व्यक्तिलाई सम्मानितगर्नु उदाहरणीय र सराहनीय कार्य भएको बताउनुभएको थियो। सम्मानित व्यक्तित्व आचार्यले सम्मानले आफूलाई थप हौसला र प्रोत्साहन मिलेको बताउनुभएको थियो।

## हृदयचन्द्र सिंह प्रधान स्मृति सम्मान प्रदान

काठमाडौं। साहित्यकार हृदयचन्द्रसिंह प्रधानको १११ औं जन्मजयन्तीका अवसरमा यस बर्षको हृदयचन्द्र स्मृति सम्मान वरिष्ठ साहित्यकार राम विनयलाई प्रदान गरिएको छ। साढे छदशक लामो साहित्य साधनागरी कविता, निवन्ध र कथा सृजना तथा साहित्य सन्ध्या संस्थामा नेतृत्वगर्दै साहित्यका माध्यमबाट समाज परिवर्तनमा पुर्याउनुभएको योगदानको कदरगर्दै हालै आयोजित कार्यक्रममा विनयलाई सम्मान गरिएको हो।

## राजनीतिमा..

हाशिल गरेको छ। यो पार्टीसँग छिमेकी भारत भने सशंकित छ। यद्यपि खालिदा जियाका छोरा प्रधानमन्त्री तारिक रहमानले भने भारतसँग राम्रो सम्वन्ध राख्ने भनेर आश्वस्त पार्न खोजेका छन्। तर शेख हशिनालाई बंगलादेशमा प्रत्यार्पण गर्ने जमात-एको प्रभावमा उठ्ने भारत बिरोधी आवाजलाई शान्त तुल्याउने बिषयमा तारिक रहमानले के कस्ता कदम चाल्ने हुन् त्यसै आधारमा थाहा हुने छ कि अब अगाडि भारत र बंगलादेशको सम्वन्धले के कस्तो मोड लिने हो। बंगलदेशमा जमात ए इस्लामी र उसका ११ सहयोगीहरुले जति सीटमा चुनाव जितेका छन् त्यसमध्येको एउटा ठूलो हिस्सा पश्चिम बंगाल र असमको सीमा क्षेत्रसँग सटेका बंगालदेशी क्षेत्रमा रहेका छन्। जमात ए इस्लामाको चुनावी शक्तिको अन्दाजा नै कुराबाट लगाइदैछ भने ती पश्चिम बंगाल सीमासँग जोडिएका बंगलादेशी क्षेत्रहरु पर्दछन्। ती जिल्लाहरुमा जलपाईगुडी, माल्दह, मुर्शिदाबाद, नदिया, उत्तर २४ प्रगन्नासँग जोडिएका सीमाका साथसाथै असम प्रदेशको सिलचरसँग जोडिएका क्षेत्रहरुमा पनि ती पार्टीहरुको बर्चश्व रहेको बताइन्छ। सुरक्षा ज्ञाताहरुकाअनुसार त्यस क्षेत्रको स्थिति भारतको सीमा सुक्षा बल(बीएसएफ) र गुप्तचर एजेन्सीहरका लागि त्यो क्षेत्र चूनौति बन्न सक्त छ। त्यो सीमाका कतिपय क्षेत्र काडाँदार तारको बारबेर पनि नगरिएको अबस्थामा रहेको छ। त्यस क्षेत्रबाट लामो समयदेखि अबैध मानव तस्करी अन्य तस्करीका लागि उपयोग गरिने क्षेत्र भनेर चिनिनेगर्दै आएको बताइन्छ। अहिलेको चुनावी परिणामपछि यस क्षेत्रलाई ध्यानमा राखेर भारतलाई उच्च सतर्कतामा राखिएको कुरा पनि प्रकाशमा आएको छ। बंगलादेशको राजधानी ढाकाका राजनीतिक बिश्लेषहरुको अहिलेसम्मको के आकलन देखिएको छभने ग्रामीण इलाकाहरुका जमाते इस्लामीको बिजयको एउटा ठूलो कारण त्यो क्षेत्रमा बिभाजनपछि भारतबाट आएका मुसलमानहरु रहेका छन्। तिनका पूर्खाहरु र बंशजले जमाते इस्लामलाई मत दिदै आएका छन्। उनीहरुको जनसंख्या पनि तीब्र गतिले बढिरहेको बताइन्छ। बंगलादेशको छिमेकी भारतको पनि असल र पश्चिम बंगालमा चाँडै चुनाव हुँदैछ। त्यस क्षेत्रमा साम्प्रदायिक ध्रुबीकरणलाई बढावा दिने कोशिश भारतको मोदी सरकारले गरिरहेको उल्लेख गरिदैछ। त्यसलेगर्दा त्यो क्षेत्रमा साम्प्रदायिक अशान्ति मच्चिन सक्ने सम्भावना पनि कायम छ। .बर्तमान चुनाव परिणामल बंगलादेशको चुनाव परिणामले आम शोषित पीडित जनताको हकमाभने खाशै फरक नपर्ने र उनीहरुका आधारभूत समस्या हलगर्न संघर्षकै बाटो लाग्नुपर्ने बस्तुवादी बिश्लेषकहरु बताइरहेका छन्। बंगलादेशमा बढेको विदेशी खासगरी अमेरिकी हस्तक्षेपलाई नयाँ प्रधानमन्त्रि रहमानले कसरी किनारा लगाउँछन्, त्यो धेरैका लागि रोचक प्रशंग भएको छ।

## नेपालको...

तथाकथित दलित अर्थात शिल्पी समुदाय, जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक, सीमान्तीकृत, लोपोनमुख समुदायको पक्षमा समग्रमा आधारभूत जनताको साथमा खडाहुनु पर्दछ भन्ने यसको पहिलो र आधारभूत शर्त हो। यसको अभावमा यो जनताको आन्दोलन कदापि बन्न सक्तैन। वास्तवमा श्रमजीवी जनताको एकताको खोजी गर्नु र बिश्वका सम्पूर्ण श्रमजीवी जनता एक हौं भन्नुको अर्थ पनि त्यही नै हो। तर अहिले देशमा जनताको पक्षमा, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनताको पक्षमा खडा हुने कुरा नै ख्याल ठट्टा र हस्यौलीको कुरा जस्तो भएको छ। किनभने कम्युनिष्ट भनिने कतिपय ठूला र साना पार्टीका नेताहरु समेत पनि कम्युनिष्ट चरित्रबाट नराम्रोसित स्खलित भएर यो अत्यन्तै गम्भीर महत्वको आन्दोलनलाई सामान्य मागिखाने भाँडोमा परिणतगर्ने र त्यसकै लागि ती पार्टीहरुमा तस्करी, कालोबजारी र दुइ नम्बरी धन्दा गर्नेहरुलाई समेत ढोका खुल्ला राखिएको छ र उनीहरुलाई रातो तुल ओछ्याएर स्वागत गर्न उद्यत रहने गरिएको छ। वास्तवमा 'बिलाश र बैभव'को बिल्कुलै गलत बाटोमा (केही अपवादलाई छाडेर)प्रायः सबै ब्यक्तिहरु नै तल्लिन भएर लागेपछि नै कम्युनिष्ट आन्दोलनप्रति नेपालमा नकारात्मक स्थिति पहिलेभन्दा आज झन बढेर बिकराल रुप लिएको हो। जसले गर्दा पारदर्शीता होइन, जाल झेल र तिकडमबाजीलाई नै उनीहरुले अँगाल्ने र त्यसैमा महारत हाशिल गर्ने गरेका छन्। जुन बिल्कुलै गैर कम्युनिष्ट बाटो-कम्युनिष्ट आन्दोलनभन्दा एकदमै भिन्न पाटो हो। देश र जनताप्रति निष्ठा, त्याग र समर्पणको अभावका करण वास्तवमा आज कम्युनिष्ट आन्दोनलको प्रतिष्ठा र मर्यादामाथि नै ठूलो आँच पुगेको र पुगिरहेको छ। सामान्यतः नेपाली जन आन्दोलन र बिशेषतः नेपाली कम्युनिष्ट आन्दोलन यस्ता बिकृतिबाट बच्छकि त्यसैमा फँस्छ त्यसले नै यसको भबिष्य के कस्तो बन्छभन्ने कुराको निर्धारण गर्दछ। नाममात्र कम्युनिष्ट पार्टी राखेर सबै गलत कुरागर्दै जाने हो भने त्यो कम्युनिष्ट आन्दोलन किमार्थ हुन सक्तैन। त्यो कम्युनिष्टको नाममा देश र जनतालाई धोका दिने र अल्मल्याउने अबाञ्छित प्रपञ्च मात्र हुन्छ। यो कम्युनिष्ट नैतिकताको कुरा बिल्कुलै हुँदैन र कदापि हुन सक्तैन। यो त बाटो बिराएर या जानी जानी झोडीतिर पस्ने र फँस्ने मात्र कुरा हो। कम्युनिष्टको बिल्ला भिरेर जनतालाई झुक्याइदैमा जतिसुकै ठूलो पदमा पुगे पनि र जतिसुकै ठूलो संगठन बनाए पनि कोही पनि सही कम्युनिष्ट हुन सक्तैन। बरु 'नील बर्ण श्यालको कथा' दोहोरिने कुराभने निश्चित प्रायः छ। नेपालका पछिल्ला राष्ट्रघाती कदमहरु खाशगरी एमसीसी, एसपीपी र अतिक्रमणकारी कालो नागरिकता बिधेयक जसरी नेपालमाथि लादिएको छ र लादिदैछ त्यसले देश उक्सनै नसक्ने गम्भीरतम संकटमा पर्ने र कम्युनिष्ट आन्दोलनलाई समेत घोर बद्नामगर्ने काम सीवाय अरु केही गर्दैन। देशलाइ बिदेशी शक्ति केन्द्रको खेल मैदानवाट रण मैदान बनाउने जुन खतरनाक प्रपञ्च यति बेला अझ तीब्रतररुपमा बढेको देखिएदै छ यो अत्यन्तै गम्भीर चिन्ता र चासोको बिषय मात्र होइन सम्पूर्ण नेपाली जनता यो अपूर्बरुपमा बढ्दो बाह्य हस्तक्षेपका बिरुद्ध गोलबन्द हुनुपर्ने अत्यन्तै संगीन घडीमा हाम्रो देश खडा हुन पुगेको या पुऱ्याइएको छ। यस्तो अत्यन्तै गम्भीर अबस्थामा सम्पूर्ण मतभेदहरुलाई स्थगित गरेर देश र जनतालाई जोगाउन एक डिक्का हुनु आजको सबैभन्दा ठूलो राष्ट्रिय आवश्यकता बन्न पुगेको छ। नेपालमा कम्युनिष्ट आन्दोलनको बिहंगम मूल्यांकन आजको प्रमुख आवश्यकता हो। जसका लागि बिभिन्न कम्युनिष्ट पार्टीहरु अग्रसर हुनु आवश्यक छ। **(लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

## बंगलादेशका...

बाहिरिँदैगर्दा युनुसले पुनः एकपटक छिमेकी भारतलाई असहज गराउने टिप्पणी गर्नुभएको थियो। आफ्नो बिदाइ भाषणमा उहाँले हाम्रो खुला समुद्र केवल बंगलादेशको भौगोलिक सीमाना होइन, बरु विश्व अर्थव्यवस्थासँग सम्पर्कगर्नका लागि खुला ढोका पनि हो। यो क्षेत्रमा रहेका नेपाल, भुटान तथा सेभन सिस्टर्ससँग बलियो आर्थिक सामर्थ्य छ भन्नुभएको थियो। पूर्वोत्तर भारतका सात राज्यहरु असम, मेघालय, त्रिपुरा, अरुणाचल, मिजोरम, नागाल्यान्ड र मणिपुरलाई सेभन सिस्टर्स भनेर चिनिन्छ। तर युनुसले आफ्नो टिप्पणीमा भारतको नामनै नलीकन सेभन सिस्टर्स भन्नुभएको थियो। त्यसरी स्वतन्त्र हिसाबबाट सेभन सिस्टर्सको नाम लिनुको मतलब मोहम्मद युनुसले ती राज्यको राष्ट्रियता अलगरुपमा हेर्नुभएको हो कि ? भन्ने भारतमा कतिपयले अर्थ निकालेको पाइएको छ। विगतमा पनि युनुसले सेभन सिस्टर्सको नाम लिएर भारतलाई चिढ्याउने काम गनुभएको थियो। यता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि गतसाता नै बंगलादेशी प्रधानमन्त्री तारिक रहमानलाई भारत भ्रमणको निम्तो पठाउनु भएको थियो। भारतको लोकसभाका अध्यक्ष ओम बिर्लाले तरिकलाई शपथ ग्रहणपछि मोदीको निमन्त्रणा सन्देश हस्तान्तरण गर्नुभएको थियो। तरिकको सपथमा बिर्लाले भारतको प्रतिनिधित्व गर्नुभएको थियो। फेब्रुअरी १६ मा मोदीले लेखेको पत्रमा म यो अवसरमा तपाईंलाई, डा. जुबैदा रहमान र तपाईंकी छोरी जैमालाई सुविधाजनक समयमा भारत भ्रमणको लागि आमन्त्रित गर्दछु। भारतमा तपाईंको न्यानो स्वागतको प्रतीक्षामा छभन्नेउल्लेख छ। पत्रमा मोदीले संसदीय चुनावमा बंगलादेश नेशनलिष्ट पार्टीको ठूलो विजयका रहमानलाई हार्दिक बधाई दिनुभएको छ। उहाँको पत्रमा बंगलादेशमा भर्खरै सम्पन्न संसदीय चुनावमा बंगलादेश राष्ट्रवादी पार्टीको विजय र बंगलादेशको प्रधानमन्त्रीकारुपमा तपाईंको नियुक्तिको लागि म तपाईंलाई हार्दिक बधाई दिन्छु। यस पदको उच्च जिम्मेवारी सम्हाल्दैगर्दा म तपाईंलाई सफलताको कामना गर्दछु। तपाईंको विजय बंगलादेशका जनताले तपाईंको नेतृत्वमा र देशलाई शान्ति, स्थिरता र समृद्धिको बाटोमा अगाडि बढाउने तपाईंको दृष्टिकोणप्रति देखाएको विश्वास र भरोसाको प्रमाण हो भन्नुभएको छ। मोदीले भारत र बंगलादेशसँग साझा इतिहास र नजिकको सांस्कृतिक सम्बन्ध रहेको समेत बताउनु भएको छ। मोदीले बहुआयामिक द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्न, क्षेत्रीय सहयोग बढाउन र कनेक्टिभिटी, व्यापार, प्रविधि, शिक्षा, सीप विकास, ऊर्जा, स्वास्थ्य सेवा, र सांस्कृतिक तथा जनस्तरमा साझा लक्ष्यहरु अगाडि बढाउन बंगलादेशका नयाँ प्रधानमन्त्रीसँग नजिकबाट कामगर्न तत्पर रहेको बताउनु भएको छ। तीव्र गतिमा बढ्दो अर्थतन्त्र र महत्वाक्यांक्षी समाजकारुपमा भारत र बंगलादेश एकअर्काको दिगो विकासको लागि साँच्चै उत्प्रेरक बन्न सक्छन्। एकअर्काको सुरक्षाको लागि कामगर्न सक्छन् र पारस्परिक समृद्धिलाई संभव बनाउन सक्छन्भन्ने पनि सो पत्रमा उल्लेख छ। चुनावमा पछिल्लो जेनजी आन्दोलनको रापमा स्थापित राजनीतिक दल नेसनल सिटिजन पार्टी (एनसीपी)ले अनपेक्षित हार बेहोरेको घटनाले खासगरी नेपालमा ठूलो चर्चापाएको छ। पुरानो तर सत्ता खिचातानीले ओझेलमा पारिएको दल बंगलादेश नेशनलिष्ट पार्टी (बीएनपी) ले संसद्को दुईतिहाइभन्दा बढी सिट जित्दै स्पष्ट बहुमत हाशिल गरेपछि सरकार परिवर्तन गर्न/गराउन बिध्वंश मच्चाउनेहरुलाई जनताले मन नपराउने कुरा पुष्टि भएको छ। दुई दशकपछि बीएनपी पुनः बंगलादेशको सत्तामा फर्केको छ। बंगलादेशको पछिल्लो चुनावले विश्व राजनीतिक परिवेशलाई नयाँ आयाममा धकेलेको छ। खासगरी दक्षिण एशियाली राष्ट्रहरुका आपसी सम्बन्ध, सहअस्तित्व र सहकार्यका लागि नयाँ खालको दिशानिर्देश गर्नुपर्ने अवस्था ल्याएको छ। अझ, बंगलादेशको चुनावी परिणाम नेपालमा बढी अभिरुचि, चर्चा र चासोको विषय बनेको छ। किनभने नेपालमा जेनजी आन्दोलनको आबरणमा सत्तापलटपछि आगामी २१ गते आमनिर्वाचन हुन गइरहेको छ। नेपालमा हुनलागेको चुनावमा बंगलादेशी परिणामले कस्तो असर र प्रभाव पार्छभनी जिज्ञासा र बहस् हुनु स्वाभाविक हो। बंगलादेशमा सन् २०२४ मा युवा र विद्यार्थीहरुले गरेको आन्दोलनबाट शेख हशिना सत्ताच्युत हुनुपरेको थियो। उहाँ अहिले भारतको शरणमा रहनुभएको छ। पछिल्लो चुनावबाट बंगलादेशी अधिक जनताले लोकतान्त्रिक मूल्य मान्यतामा अडिग, पुरानो र अनुभवी दललाई मनपराएको प्रष्टभएको छ। कुनै पनि नाममा उच्छृंखल, अराजकता र अतिवादी सोचाइलाई प्रशय जनताले नदिने पनि परिणामले देखाउँछ। अराजकता फैलाउने, हिंसा र आतंकलाई मलजलगर्ने पक्षलाई जनताले कुरेर पर्ख र हेरको रणनीति अपनाउने रहेछन्भन्ने प्रष्ट भएको छ।

## आगामी..

वातावरणमा निर्वाचन सम्पन्नगर्न सहयोग गरेको हुनुपर्दछ। क्षणिक आबेगमा आएर मतदातालाई डर, धम्की वा प्रलोभन दिनु पछिसम्मका लागि हानिकारक हुन्छ। त्यसैगरी उम्मेदवार र पार्टीहरुले निर्वाचनअघि गरेका प्रतिबद्धताहरु यथार्थपरक र कार्यान्वयनयोग्य हुनुपर्छ। जनतालाई भ्रमित पार्ने अवास्तविक आश्वासनबाट बच्नुपर्छ। निर्वाचनको परिणाम जस्तो पनि आउन सक्दछ। त्यसैले परिणामको सम्मानगर्ने शोच र ब्यवहारलाई सधैं ध्यान दिइएको हुनुपर्दछ। मत परिणाम जे जस्तो भएपनि स्वीकारगर्ने परिपक्वता लोकतन्त्रको मूल आधार होभन्ने कुरालाई सबैले सधैं संझेको हुनुपर्दछ। असहमति भएको खण्डमा कानूनी र सवैधानिक बाटो अवलम्बनगर्ने आँट राख्नुपर्दछ। समग्रमाभन्ने होभने निर्वाचन केवल सत्तामा पुग्ने माध्यम होइन, जनविश्वास प्राप्तगर्ने प्रक्रिया हो। त्यसैले आगामी निर्वाचनमा सहभागी भएका राजनीतिक दल र तिन्का उम्मेदवारहरुले पारदर्शिता, सहिष्णुता र उत्तरदायित्वलाई प्राथमिकतादिँदै लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउने दिशामा अघिबढ्नु आजको प्रमुख आवश्यकता हो। उपरोक्त कुराहरुकाबारेमा दलहरुले आआफ्नो राजनीतिक बृत्तमा निर्वाचन आउनु अघिदेखिनै प्रशिक्षण दिएको हुनुपर्दछ।

## चुनावी..

बिद्युत उत्पादन क्षमता बढाउँदै, खनिज तथा औद्योगिक उत्पादन र भौतिक पूर्वाधारमा फड्को मार्दै ७ देखि ९ प्रतिशतसम्मको आर्थिक वृद्धिदर बढाउने घोषणापत्रमा उल्लेख छ। अर्थतन्त्रको आकार पाँच वर्षमा एकसय खर्ब रुपैयाँ र १० वर्षमा २०० खर्ब पुऱ्याउने एमालेको लक्ष्य छ। प्रतिव्यक्ति आम्दानी पाँच वर्षमा करिब तीन हजार अमेरिकी डलर पुऱ्याउने एमालेले घोषणापत्रमा उल्लेख गरेको छ। एमालेले दुई वर्षमा सबैको घरमा खानेपानी पुऱ्याउने वाचा गरेको छ। एमालेले उच्च आर्थिक वृद्धिबाट वार्षिक चारलाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक पाँच लाख रोजगारी सिर्जनागर्ने भएको छ। उद्योग क्षेत्रको विस्तार गरेर कूल ग्रार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दोब्बर बनाउने, पर्यटन पूर्वाधारको विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा गर्दै पाँच वर्षमा पर्यटकको आगमन दोब्बर बनाउने घोषणापत्रमा उल्लेख छ। पाँच वर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, सबै स्थानीय तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमानै उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ। सबै सडकलाई दुई लेनको बनाउने र एक लेनका सडकलाई दुई लेनको बनाउने एमालेको घोषणापत्रमा उल्लेख छ। एमालेले सबै राष्ट्रसँग सम्मानजनक सम्बन्ध राख्दै कुनै पनि राष्ट्रको स्वाधिनता, स्वनिर्णय र भौगोलिक अखण्डता माथिको अतिक्रमण तथा हस्तक्षेप अस्वीकार गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ। घोषणापत्र सार्वजनिक कार्यक्रममा एमाले अध्यक्ष ओलीसहित उपाध्यक्ष रामबहादुर थापा, रघुजी पन्त, उपमहासचिव योगेश भट्टराई, सचिव छविलाल विश्वकर्मालगायत नेता सहभागी हुनुहुन्थ्यो।

**कांग्रेसको प्रतिज्ञापत्र :** नेपाली कांग्रेसले प्रतिनिधिसभाको निर्वाचनमा जनतामाझ प्रतिज्ञापत्र सार्वजनिक गरेको छ। नेपालको ऐतिहासिक सांस्कृतिक नगरी जनकपुरधामबाट गत साता प्रतिज्ञापत्र सार्वजनिक गरेको हो। पार्टी सभापति गगनकुमार थापा, उपसभापति एवं निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्मा, उपसभापति पुष्पा भुसाल, मधेस प्रदेशका सभापतिसहित अग्रज नेताहरुको उपस्थितिमा प्रतिज्ञापत्र सार्वजनिकीकरण सभा गरिएको हो। प्रतिज्ञापत्र सार्वजनिक भएका सन्दर्भमा कांग्रेसले पार्टी कार्यालय सानेपामा आजै पत्रकार सम्मेलन गरी उल्लेखित भिजन १० का बुँदाका बारेमा जानकारी गराएको छ। कांग्रेसले आमनिर्वाचनबाट बहुमत सहितको लोकतान्त्रिक र लोकहितमा समर्पित सरकार बनाउने लक्ष्य लिएको जनाएको छ। कांग्रेसले यसपटक जिम्मेवारी, दृष्टिकोण र संकल्पको आत्मबोधबाट नेपाल संसारकै एक उत्कृष्ट देश बन्नसक्ने भावना, कार्ययोजना र आधारसहितको प्रतिज्ञापत्र प्रस्तुत गरेको पार्टी प्रवक्ता देवराज चालिसेले दाबी गर्नुभयो। पत्रकार सम्मलेलनमा उहाँले प्रतिज्ञापत्रका हरेक अक्षरका प्रष्ट अर्थ रहेको बताउनुभयो।

प्रतिज्ञापत्रमा उल्लेखित योजना कार्यान्वयनका आधारमा कार्य सम्पादन मूल्यांकन हुनुपर्ने कांग्रेसको चाहना रहेको उहाँको भनाइ छ। सम्मानित भएर बाँच्नपाउने नेपालदेखि समुन्नतिमा लम्कने नेपालसम्मको योजना कांग्रेसले अघि सारेको छ। प्रतिज्ञापत्र केवल देखाउन मात्रै नभई कार्यान्वयन गरेर समुन्नत नेपाल सम्मानित नेपालीको नारालाई व्यवहारमा ल्याउने प्रतिबद्धता भएको कांग्रेसको दाबी छ। विज्ञप्तिमा नेपाली कांग्रेसले चाहेको यतिमात्र छकि आगामी दिनमा आममतदाता र जनताले प्रतिज्ञापत्रको कार्यान्वयनका आधारमा पार्टी, तमाम नेता र कार्यकर्ताको कार्यसम्पादन मूल्यांकन गर्नुहुनेछ। कांग्रेस आफ्नो प्रतिज्ञा पूरा गर्न, अमूक र अमूर्त कारण देखाएर जिम्मेवारीबाट भाग्ने छैन, जिम्मेवारीबाट पन्छिदैनौं भनिएको छ। कांग्रेसको प्रतिज्ञापत्रलाई सरल शब्दावलीमा 'भिजन टेन' को सार-संक्षेपमा प्रस्तुत गरिएको छ। कांग्रेसले प्रतिज्ञापत्रलाई 'कांग्रेस टु प्वाइन्ट जिरो'को जगका रुपमा व्याख्या गरेको छ। पुनःरुत्थानमा सफल शुरुआत गरेको कांग्रेसले नै जनताबाट इच्छित भविष्य साकार पार्न संकल्प लिएको छ।

**गैरआवासीय नेपालीका मुद्दा :** नेपाली कांग्रेसले विदेशमा बस्ने गैरआवासीय नेपालीहरुका मुद्दालाई प्रष्टसँग प्रतिज्ञापत्रमा उल्लेख गरेको छ। कांग्रेस सभापति गगनकुमार थापाले राजधानीमा आज आयोजित कार्यक्रममा प्रतिज्ञापत्रको पूर्णपाठ सार्वजनिक गर्नुभएको हो। प्रतिज्ञापत्रको १७० देखि १७४ पृष्ठसम्म 'नेपाली डायस्पोराः अटुट सम्बन्ध, विस्तारित नेपाल' शीर्षक दिएर प्रष्ट्याएको छ। शुरुमै कांग्रेसले गैरआवासीय नेपाली संघले उठाउँदै आएको 'एक पटकको नेपाली सधैंको नेपाली'लाई आत्मसात् गर्दै नागरिकताको निरन्तरता, सम्पत्ति र मतदानको अधिकार सुनिश्चित गरेर डायस्पोराका सबै पुस्ताको भावना, ज्ञान, सीप र पूँजीलाई देशको समुन्नतिका लागि जोड्ने उल्लेख गरेको छ। कांग्रेसको प्रतिज्ञापत्रमा विश्वको जुनसुकै कुनामा रहे पनि आफ्नो माटोप्रतिको स्नेह बोकेका लाखौं नेपालीको भावनामा आज विस्तारित नेपाल जीवन्त छ। मातृभूमिको सामाजिक, सांस्कृतिक र आर्थिक प्रगतिमा डायस्पोराको योगदान उल्लेखनीयरुपमा बढ्दै गएको वर्तमान अवस्थामा उनीहरुको इज्जत र सम्मानलाई नेपालको समृद्धिसँग जोड्नु अनिवार्य भइसकेको उल्लेख छ। नेपाली डायस्पोराको प्रमुख माग र भावनालाई कदर गर्दै नागरिकताको निरन्तरतालाई सुनिश्चितगर्नु आजको प्राथमिक आवश्यकता रहेको उल्लेख गरिएको छ। प्रतिज्ञापत्रमा अगाडि भनिएको छ- गैरआवासीय नेपालीको नागरिकता, पैतृक सम्पत्ति र मतदानको अधिकारलाई कानूनीरुपमै ग्यारेन्टीगर्नका लागि विद्यमान बाधक कानुनलाई परिमार्जनगर्दै एउटा एकीकृत गैरआवासीय नेपाली ऐन ल्याउनुपर्ने देखिन्छ। एनआरएन नागरिकता लिए पनि अहिले उक्त नागरिकता कागजको खोस्टोकोरुपमा परिणत भएको चर्चा भइरहेका बेला कांग्रेसले त्यसलाई कामकाजी बनाउन भूमि, अध्यागमन, कम्पनी र श्रमजस्ता क्षेत्रमा रहेका कानूनी जटिलतालाई फुकाएर डायस्पोरालाई नेपाली नागरिकसरहकै सुविधा र सुरक्षा प्रदानगर्ने कुरा उल्लेख गरेको छ। त्यसैगरी वर्षौंदेखि नेपालमा गैरआवासीय नेपालीको नोट चल्ने तर भोट नचल्ने विषयको बहस भइरहेका बेला कांग्रेसले विदेशबाट पनि मतदानगर्न पाउनुपर्ने आवाजलाई प्रतिज्ञापत्रमा समेटेको छ। प्रतिज्ञापत्रमा विशेषगरी सर्वोच्च अदालतको आदेशको सम्मानगर्दै विदेशमा रहेका नेपालीलाई त्यहीँबाट मतदान गर्न पाउने व्यवस्थाका लागि निर्वाचन कानुनमा गरिने संशोधनले उनीहरुलाई राष्ट्रिय मूलधारसँग प्रत्यक्ष जोड्ने उल्लेख छ। त्यसैगरी नेपालको आर्थिक समृद्धिमा गैरआवासीय नेपालीको भूमिका महत्वपूर्ण हुने कुरालाई पनि प्रतिज्ञापत्रमा सम्बोधन गरिएको छ। प्रतिज्ञापत्रमा आर्थिक दृष्टिकोणले डायस्पोराको पूँजीलाई नेपालको पूर्वाधार विकासमा जोड्नु राष्ट्रिय अर्थतन्त्रका लागि कोशेढुङ्गा सावित हुन सक्छ। लगानीमैत्री वातावरण सिर्जनागर्न गैरआवासीय नेपालीलाई नेपालको पूँजी बजारमा सहज पहुँच पुऱ्याउने र दोहोरो कर प्रणाली अन्त्यका लागि विभिन्न देशसँग द्विपक्षीय सम्झौतागर्नु आवश्यक रहेको उल्लेख छ। केवल आर्थिक रेमिटचान्स मात्र नभई, विदेशमा आर्जन गरेको ज्ञान, सीप र प्रविधि नेपालको विकासका लागि झन महत्वपूर्ण छ। उच्च दक्षता हासिल गरेका नेपाली विज्ञको पहिचान गरी उनीहरुलाई देशको नीतिनिर्माण र अनुसन्धानमा जोड्न नलेज एण्ड इनोभेसन सेन्टर जस्ता संयन्त्रले ठूलो भूमिका खेल्न सक्छन्। डायस्पोराको दोश्रो र तेश्रो पुस्तामा नेपालप्रतिको लगाव र अपनत्व कायम राख्न विशेष सांस्कृतिक र शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कुरामा पनि जोड दिइएको छ। प्रतिज्ञापत्रमा विदेशमा हुर्किएका नेपाली बालबालिकालाई नेपालको भाषा, कला र इतिहास बुझाउन आवासीय समर स्कूलजस्ता अवधारणालाई प्रोत्साहनदिँदै उनीहरुलाई नेपाली खेलकुद र कला क्षेत्रमा सहभागी गराउनुपर्छ। यसका साथै आफ्नो जन्मथलोको विकासमा योगदान दिन चाहने डायस्पोराका लागि सरकार-डायस्पोरा सामुदायिक विकास कोषमार्फत साझेदारी मोडेल अघि सार्नुपर्छभन्ने उल्लेख छ। यदि कुनै गैरआवासीय नेपालीले आफ्नो गाउँमा शिक्षा वा स्वास्थ्य क्षेत्रमा लगानी गरेमा, त्यसमा सरकारले पनि थप रकम उपलब्ध गराएर सहकार्य गर्ने नीतिले मातृभूमिप्रतिको स्नेहलाई थप प्रगाढ बनाउने पनि विश्वास व्यक्त गरिएको छ। प्रतिज्ञापत्रमा नेपाली डायस्पोरा केवल आर्थिक सहयोग गर्ने माध्यम मात्र नभई नेपालको अन्तरराष्ट्रिय प्रतिष्ठा बढाउने र आधुनिक प्रविधि भित्र्याउने बलियो खम्बा रहेको उल्लेखगर्दै उनीहरुको अधिकार सुरक्षितगर्दै र मातृभूमिसँगको भावनात्मक सम्बन्धलाई कानूनी रुपमै कसिलो बनाउँदै लैजाँदा मात्र समुन्नत नेपालको सपना साकार हुने विश्वास व्यक्त गरिएको छ। ( **उपरोक्त समाचार बिवरण राससबाट लिइएको हो।)**

## नेपालमा..

आफूसँग भएको रकम त लगानी गरेनै सँगै बैंक, वित्तिय संस्थाबाट ऋण पनि लिए। मूल्य बढेको देख्दा र कमिशन पाएपछि बैंकले आँखा चिम्लेर यो क्षेत्रमा लगानी गर्यो। घरजग्गा, गाडी र सेयरमा लगानी गरेका सर्वसाधारण र सहकारी त डुबिसके। अब बैंक डुब्दैछ। यही क्षेत्रमा लगानी गरेकै कारण आज मुलुकको अर्थतन्त्रसमेत धरापमा परेको छ। यसरी दलालको लहैलहैमा लागेर गरिएको लगानीका कारण जनतादेखि बैंक, वित्तिय संस्था र सरकारसम्म डुब्ने अवस्थामा पुगेका छन्। अझै पनि समय छ। सरकारले कदम चालोस्। बैंक, वित्तिय संस्था तथा सर्वसाधारणलाई यी क्षेत्रमा थप लगानी गर्नबाट रोकोस्। बर्तमान सरकार निर्वाचन गराउने कार्यमा बढी केन्द्रित रहेका कारणले पनि बिभिन्न बित्तिय संस्थाको अवस्थाका बारेमा ध्यान दिन नसकेको हुनसक्छ। अब आगामी २१ गतेपछि बन्ने संसद र सरकारले यसतर्फ पनि ध्यान दिनुपर्ने अवस्था रहेको छ।